का.जि.प्र.का.द.नं. १००/०५१/५०
१२ असार २०८१,
बुधबार
26 June 2024,
Wednesday
मूल्य रु. ५/-


# मध्यान्ह

राष्ट्रिय दैनिक
इपेपर हेर्न्
वर्ष २२, अंक १३४ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

# खुल्दै चीन

## भारतसँग जस्तै मन्त्रीस्तरीय संयन्त्र बनाउने सहमति

**नेपाल-भारत संयुक्त आयोग नामक मन्त्रीस्तरीय संयन्त्र सन् १९८७ देखि अस्तित्वमा छ । भारतसँग जस्तै चीनसँग पनि मन्त्रीस्तरीय संयन्त्र निर्माण गर्ने सहमति हुनुलाई सरकारी अधिकारीहरु नेपालको समान छिमेकी नीतिसँग जोडेर हेर्नुपर्ने बताउँछन् ।**



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ असार ।

नेपाल-चीनबीच परराष्ट्रमन्त्रीस्तरीय संयुक्त आयोग बनाउने सहमति भएको छ ।

चिनियाँ उपविदेशमन्त्री सुन वेइडोङ नेतृत्वको प्रतिनिधिमण्डल नेपाल भ्रमणमा रहेका बेला द्विपक्षीय संवादका लागि परराष्ट्रमन्त्रीस्तरीय आयोग बनाउने सहमति भएको हो ।

नेपालको भारतसँग मन्त्रीस्तरीय संयन्त्र भने यसअघि देखि नै क्रियाशील छ । भारतसँग जस्तै चीनसँग पनि परराष्ट्रमन्त्रीस्तरीय संयुक्त आयोग बनाउन दुवै पक्ष सहमत भएका हुन् ।

नेपाली पक्षबाट परराष्ट्र सचिव सेवा लम्साल र चिनियाँ पक्षबाट उपविदेशमन्त्री सुन वेइडोङ नेतृत्वको प्रतिनिधि मण्डलबीच मंगलबार परराष्ट्रमन्त्री स्तरीय आयोग बनाउने सहमति भएको हो ।

भारतसँग मन्त्रीस्तरीय नेपाल- भारत संयुक्त आयोग नामक संयन्त्र सन् १९८७ देखि अस्तित्वमा छ । नेपालका परराष्ट्रमन्त्री र भारतका विदेशमन्त्री सम्मिलित संयुक्त आयोग विगतमा लामो समय निष्क्रिय रहेको थियो । तर, यो संयन्त्रलाई सत्तामा आएलगत्तै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०१४ मा सक्रिय तुल्याएका थिए ।

यसअघि उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ चीनको भ्रमणमा गएका बेला नेपाल चीन संयुक्त आयोगको स्थापनाका लागि नेपालले प्रस्ताव गरेको थियो । वाङ यीसँगको छलफलमा क्रममा नेपाली परराष्ट्रमन्त्रीले भारतसँगकै जस्तो मन्त्रीस्तरीय संयन्त्र बनाउने विषयमा छलफल भएको थियो ।

त्यसको निरन्तरतामा मंगलबार सहमति भएको हो । भारतसँग जस्तै चीनसँग पनि मन्त्रीस्तरीय संयन्त्र निर्माण गर्ने सहमति हुनुलाई सरकारी अधिकारीहरू नेपालको समान छिमेकी नीतिसँग जोडेर हेर्नुपर्ने बताउँछन् ।

यसअघि नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकार भएका बेला ऊर्जा क्षेत्रमा पनि चीनसँग भारतसँगको जस्तै समझदारी भएको थियो ।

तत्कालीन प्रधानमन्त्री केपी ओलीको चीन भ्रमणका क्रममा दुई देशबीच ऊर्जा सहयोग सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको थियो ।

उक्त सहमति भएपछि नेपाल र चीनबीच ऊर्जा क्षेत्रमा लागनी गर्ने, विद्युत आदानप्रदान गर्ने जस्ता विषयमा सरकारी स्तरमा छलफल गर्न सहज भएको बताउने गरिन्छ ।

नेपाल र चीनका बीचका बन्द रहेका सीमा नाकाहरु पनि खुलेका छन् । १२ जेठ २०८१ मा चीनसँग जोडिएका १४ व्यापारिक नाका एकसाथ खुलेका थिए । कोरोना भाइरस पृष्ठ २ मा

# बीआरआईबाट अनुदान र ऋण दुवै लिइने

**नेपालले सन् २०१४ मा बीआरआई परियोजनामा सैद्धान्तिक सहमति जनाएको थियो भने सन् २०१६ मार्चमा ट्रान्जिट ट्रान्सपोट एग्रिमेन्ट हुँदै सन् २०१७ मे १२ मा बीआरआई परियोजनामा हस्ताक्षर भएको थियो ।**



ऋणको मारवो साङ्लोमा नपर्ने गरी बीआरआई अगाडि बढाउँछौं । यस अन्तगर्तमा हाम्रो जोड ग्रान्टमा लिनेमै हुन्छ ।

**प्रचण्ड**
**प्रधानमन्त्री**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ११ असार ।

अनुदान र ऋण दुवै लिने गरी चीनले अघि सारेको बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) कार्यक्रम कार्यान्वयनको सम्झौताको तयारी भएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डका अनुसार बीआरआई अन्तर्गतका पहिलो प्राथमिकतामा अनुदानका कार्यक्रमहरु रहनेछन् । दोस्रो प्राथमिकतामा मात्रै ऋणको विषयलाई राखिनेछ । ऋण लिँदा एसियाली विकास बैंक (एडिबी) र वल्ड बैंकको ब्याजदार अनुसार लिने सम्झौता गर्न लागिएको छ ।

मंगलबार प्रतिनिधि सभामा प्रधानमन्त्री प्रचण्डले परराष्ट्र मन्त्रालयको बजेटमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनेक्रममा बीआरआई कार्यान्वयन सम्झौता गर्न लागिएको जानकारी दिए ।

'बिआरआईलाई अगाडि बढाउने योजनालाई अन्तिम रुप दिने विषयमा छलफल भएको छ । अब यो प्लानलाइ अगाडि बढाउनेबारे अन्तिम काम भइरहेको छ' प्रधानमन्त्री प्रचण्डले भने, 'मलाई लाग्छ छिट्टै यो विषयमा सम्झौता हुन्छ ।'

विगतमा यो सम्झौता कार्यान्वयनको सम्झौता नेपालको राष्ट्रिय योजना आयोग र चीनको त्यही समकक्षी बीचमा गर्ने गरी छलफल चलेको थियो । तर, यो फेरिएर अहिले परराष्ट्र मन्त्रालय र परराष्ट्र मन्त्रालय अन्तर्गत सचिवहरुले गर्ने सम्झौतामा हस्ताक्षर गर्नेबारे छलफल चलेको छ, तर, टुंगिसकेको छैन ।

बीआरआई सम्झौता कार्यान्वयनका लागि सम्झौता गर्ने तयारी भएको जानकारी प्रधानमन्त्रील गराएपछि सांसदहरुले यो सम्झौता अन्तर्गत अनुदान लिने वा ऋण लिने कुन नीति सरकारले लिँदैछ भनेर सोधे ।

पूर्व अर्थमन्त्री समेत रहेका नेपाली कांग्रेसका सांसद डा.प्रकाशशरण महतले नेपाल ऋणको मारमा पर्दै आएको र थप ऋणको भार पर्ने कार्य गर्न नहुने सुझाए ।

'ठूलो ऋण हाम्रो छ र ऋणको आकार बढदैछ । यो परिप्रेक्षमा हामीले कस्तो खाले सहयोग के आधारमा यो बीआरआईको सहयोग सम्झौता कार्यान्वयन गर्दैछौं ?' महतले सोधे । नेकपा एमालेका सांसद लिलानाथ श्रेष्ठले बीआरआई कार्यान्वयन सम्झौताका लागि ढिला गर्न नहुने बताए ।

जवाफमा प्रधानमन्त्री प्रचण्डले ऋणको भारमा नपर्ने गरी बिआरआई कार्यान्वयनमा सम्झौता गरिने बताए । सम्झौता गर्दा आफूहरुले अनुदामै जोड दिइने बताए । पहिलो प्राथमिकतामा अनुदान हुने र दोस्रो प्राथमिकतामा ऋण पर्ने बताए । पृष्ठ २ मा

# वास्तविक किसानलाई छैन अनुदान

**महालेखापरीक्षकको वार्षिक प्रतिवेदनले व्यक्तिगत फर्म तथा कम्पनीलाई अनुदान दिइएको र यो नियम विपरीत रहेको औंल्याएको छ । महालेखाले कृषकलाई दिइएको अनुदानको उपयोग अपेक्षाकृत नदेखिएको भन्दै कृषकको आयस्तर, रोजगारी हुने नतिजामुखी क्षेत्रमा लगाउन भनेको छ ।**

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ११ असार



सरकारले वर्षैनि किसान लक्षित कार्यक्रम ल्याउने गरेको छ । लाखौं रकम अनुदानमा जाने गरेको छ । तर कर्णालीका वास्तविक किसानले भने सरकारी अनुदान पाउन सकिरहेका छैनन् ।

पछिल्लो पाँच वर्षयता आर्थिक वर्ष २०७४/०७५ देखि २०७९/०८० सम्मका महालेखा परीक्षकको वार्षिक प्रतिवेदनहरूले कर्णालीमा दिइएको अनुदानले उत्पादन एवम् रोजगारीमा पुऱ्याएको योगदानको अध्ययन तथा विश्लेषण हुन नसकेको औंल्याएको छ ।

विगतमा संघीय सरकारले किसानका लागि कार्यक्रमहरु ल्याउने गरेकोमा २०७४ सालदेखि प्रदेश सरकार र स्थानीय सरकारले समेत कृषकका लागि अनुदान दिने गरी कार्यक्रम पृष्ठ २ मा

## नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको गम्भीर ध्यानाकर्षण

देशमा पर्याप्त रोजगारीको अवसर नहुँदासम्म बेरोजगार युवायुवतीको रोजगारी व्यवस्थापन गर्ने एउटै मात्र विकल्पका रुपमा वैदेशिक रोजगार व्यवसाय स्थापित छ । राज्यका सम्बन्धित निकाय कार्यालयमा कानूनबमोजिम दर्ता भइ राज्यले तोकेको धरौटी राखी व्यवसाय गर्न इजाजत लिएर सञ्चालन भइरहेका वैधानिक संस्था हुन् । व्यवसायीहरुले आफ्ना संस्थाहरुमा लाखौं मानिसलाई रोजगारी दिएका छन् भने वार्षिकरुपमा करोडौं रुपैयाँ राजस्व तिरिरहेका छन् । वैदेशिक रोजगार ऐन २०६४ को अधिनमा रही व्यवसायीहरुले आफ्नो निजी प्रयास र लगानीमा बजार प्रवर्द्धन गरी विश्वका विभिन्न देशबाट मागपत्र ल्याइ सोही मागपत्रका आधारमा कामदार पठाउने र व्यवसायीले वैदेशिक रोजगारमा पठाएका कामदार हरुले नेपाल पठाएको रेमिट्यान्सबाट देशको अर्थतन्त्र चलेको छ भने देशको कूल ग्राहस्थ उत्पादनमा वैदेशिक रोजगारको योगदान ३३ प्रतिशतभन्दा बढी रहेको तथ्य सबैलाई जानकारी भएकै विषय हो । वैदेशिक रोजगारमा कामदार पठाउने क्रममा व्यवसायीले नचाहँदा नचाहँदै परिस्थितिजन्य भइपरी आउने घटनाहरुको सिर्जना हुन सक्दछ । यसै अवस्थाको पेरीफेरीमा विगत केही समयदेखि पत्रकार, सामाजिक अभियन्ता र युट्युबर हुँ भनि केही व्यक्तिहरुले लोकतान्त्रिक एशोसिएसनमा आवद्ध सदस्य संस्था र संस्थाका सञ्चालक एवम् लोकतान्त्रिक एशोसिएसनमा आवद्ध भएका व्यवसायीहरुको चरित्र हत्या गर्ने उद्देश्यले घटाइएको घटनाको सम्बन्धमा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको गम्भीर ध्यानाकर्षण भएको छ ।

व्यवसायी आफूले पठाएका कामदारप्रति पूर्ण जवाफदेही छन्, फर्किएका कामदारको समस्या समाधान गर्न प्रतिबद्ध पनि छन् र गरिरहेका पनि छन् । कुनै व्यवसायीले कामदारलाई सम्झौताअनुसार तलब, भत्ता, सुविधा नदिलाए, उद्धार गर्नुपर्नेमा उद्धार नगरे, फर्किएका कामदारलाई क्षतिपूर्ति नदिए वैदेशिक रोजगार विभागलगायतका सम्बन्धित निकायले त्यस्ता व्यवसायीलाई कानूनको दायरामा ल्याइ व्यवसायीले राखेको धरौटी कटाइ क्षतिपूर्ति दिने, उद्धार गर्ने र व्यवसायीलाई कारबाही गर्दा लोकतान्त्रिक एशोसिएसनले पूर्ण सहमति जनाएको सर्वविदितै छ । कुनै पनि नाम वा आवरणमा कसैले पनि कानून हातमा नलिन सचेत गराउँदै कानूनको बर्खिलाप हुने गरी गैरकानूनीरुपमा वैदेशिक रोजगार व्यवसाय र व्यवसायी उपर आक्रमण भएमा लोकतान्त्रिक एशोसिएसनले सशक्त प्रतिकारमा उत्रने साथै कानून हातमा लिने, लिन खोज्ने व्यक्ति तथा समूहलाई कारबाही गरी वैदेशिक रोजगार व्यवसायीको सुरक्षा गर्नका निमित्त नेपाल सरकारसमक्ष जोडदार माग गर्दछौं ।

**दीपक थापा**
**अध्यक्ष**
**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन**
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१–४५६६४२८

**वैदेशिक रोजगार विशेष**

# इजरायलबाट आयो ८ सय नेपाली कामदारको माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ असार

नेपाली कामदारका लागि आकर्षक श्रम गन्तव्य मानिने इजरायलबाट ८ सय नेपाली कामदारको आवेदन माग भएको छ । वैदेशिक रोजगार विभागले मंगलबार एक सूचना जारी गरी दीर्घकालीन स्याहार केन्द्रका लागि ८ सय जनाको लागि आवेदन खुला गरेको हो ।

इजरायलले ८ सय जना कामदार माग गरेकोमध्ये ५ सय मुख्य उम्मेदवार हुनेछन् भने बाँकी ३ सयलाई वैकल्पिकमा राखिने छ । ८ सयमध्ये ६० प्रतिशत अर्थात ४ सय ८० महिला र ४० प्रतिशत अर्थात ३ सय २० जना पुरूष छनोट हुनेछन् ।

इजरायलमा नेपाली केयरगिभरको तलब २ लाख १० हजार छ भने करार अवधि १ वर्षको भए पनि अवधि थपेर ५ वर्षसम्म इजरायल बस्न पाइने छ । सरकारी स्तर अर्थात जीटुजी प्रणालीबाट कामदार पठाइने भएको हो । यसमा निजी क्षेत्रको कुनै संलग्नता हुने छैन ।


विभागका अनुसार २५ देखि ४५ वर्ष ननाघेको, कम्तीमा १ दशमलव ५ मिटर उचाइ भएको, कम्तीमा ४५ किलोग्राम तौल भएको, कक्षा १० उत्तीर्ण गरी अनमी वा सिएसएसम्बन्धी विषयमा कम्तीमा १५ महिनाको अध्ययन पूरा गरेको वा १२ कक्षा पास गरी मान्यता प्राप्त तालिम प्रदायक संस्थाबाट केयर गिभिङसम्बन्धी कम्तीमा ३ महिनाको तालिम गरेका युवायुवतीले आवेदन दिन पाउने छन् । यस्तै पृष्ठ २ मा

## विदेशमा अप्ठेरोमा परेकाहरको उद्धार उच्च प्राथमिकतामा

**काठमाडौं/रासस–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विदेशमा अप्ठेरोमा परेका नेपालीको उद्धार एवम् आवश्यकतानुसार नेपाल फर्कन सहजीकरण गर्ने कार्यलाई विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूले उच्च प्राथमिकतामा राखेका बताएका छन् ।

विनियोजन विधेयकअन्तर्गत परराष्ट्र मन्त्रालय एवम् मातहतका निकायहरूका लागि विनियोजित बजेट तथा कार्यक्रममाथि सांसदहरूले उठाएका प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री दाहालले वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित र व्यवस्थित गर्न नेपाली राजदूत तथा नियोग प्रमुखहरूलाई अभिमुखीकरण गरिएको बताए । पृष्ठ २ मा

# भान्जाको घरबाट मामाले लुटे २ करोड



**भावना पाठक/मध्यान्ह**
काठमाडौं, ११ असार

२ करोड रुपैयाँ लुटपाटमा संलग्न भएको आरोपमा प्रहरी हवल्दारसहित ४ जनालालाई पक्राउ गरिएको छ। भक्तपुर दधिकोटका डिल्लीराज राउतको घरबाट २ करोड लुटपाटमा संलग्न रहेको आरोपमा प्रहरी हवल्दारसहित ४ जनालाई पक्राउ गरिएको हो।

पक्राउ पर्नेमा सिन्धुपाल्चोक बाह्रबिसेका ३० वर्षीय सुजन रसाइली, सिन्धुपाल्चोक भोटेकोशीका ३१ वर्षीय भीम तामाङ, ओखलढुंगा मानेभन्ज्याङका ३६ वर्षीय मुनाराज राई र सिन्धुपाल्चोक भोटेकोशीका ३८ वर्षीय कृष्णबहादुर बोहरा छन् । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले उनीहरूलाई पक्राउ गरेको हो । पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१२ असार २०८१, बुधबार
26 June 2024, Wednesday

# रातोकिताब सार्वजनिक नहुँदै बजारमा आएको भन्दै कांग्रेसले माग्यो मुख्यमन्त्रीको राजीनामा

**सुनिल आउजी / मध्यान्ह**
धनगढी, ११ असार

सुदूरपश्चिम प्रदेश सरकारको आगामी आर्थिक वर्ष ०८१/८२ कार्यक्रम पुस्तिका रातोकिताब सार्वजनिक नहुँदै बजारमा आएको नेपाली कांग्रेसले दाबी गरेको छ।

प्रदेश सरकारले असार १ गते प्रदेश सभामा आगामी आर्थिक वर्षको बजेट वक्तव्य प्रस्तुत गरेको थियो। सो बजेट कार्यक्रम पुस्तिका रातोकिताब हालसम्म प्रदेश सभामा छलफलको लागि पेस नगरी बजारमा आएको कांग्रेसले दाबी गरेको हो।

धनगढीमा मंगलबार पत्रकार सम्मेलन गर्दै कांग्रेसले मुख्यमन्त्री दीर्घ बहादुर सोडारीको राजीनामा समेत माग गरेको छ। कांग्रेसका सांसद तथा पूर्वमन्त्री प्रकाश देउवाले हालसम्म प्रदेश सभामा



पेस नगर्दै बजारमा रातो किताब पाउनु गम्भीर कुरा रहेको बताए।

उनले भने,'हाम्रो हातमा पनि अफिसियल्ली रूपमा आएको छैन। हामीले पनि बजारबाट पाएका हौं। यो किताब व्यक्तिको मोबाइलमा, ह्वाट एपमा आएको छ। यो एकदमै गम्भीर कुरा हो।'

प्रदेश सरकारले बजेट निर्माणमा प्रक्रिया समेत पुरा नगरेको सांसद देउवाको आरोप थियो।

त्यस्तै कांग्रेस संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री कमल बहादुर शाहले सरकार गैरजिम्मेवार बनेको भन्दै तत्काल राजीनामा माग गरे। उनले भने, 'हामी सडक र सदनमा सरकारविरुद्ध प्रतिरोध गर्छौं। सरकारले नैतिक रूपमा राजीनामा दिनुपर्छ।'

तर प्रदेश सरकारले कुनै पनि माध्यममा हालसम्म रातो किताब नराखेको जनाएको छ। सुदूरपश्चिमका आर्थिक मामिला मन्त्री सुरेन्द्र पालले आधिकारिक रूपमा रातोकिताब सार्वजनिक नगरिएको बताए। उनले अर्थ सचिव सरुवा भएको कारण रातोकिताब सार्वजनिक हुन नसकेको भन्दै केही दिनमै सार्वजनिक गर्ने बताए। रातोकिताब सामाजिक सञ्जालमा आएको विषयमा मन्त्री पालले त्यसबारे अध्ययन गरिरहेको र आफू गृह जिल्ला बैतडी रहेको प्रतिक्रिया दिएका छन्। प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि कुल ३१ अर्ब ६२ करोड ९८ लाख ५८ हजार रुपैयाँको बजेट ल्याएको थियो।

# रौतहटका तीन पालिकाले ल्याउन सकेनन् बजेट

**सत्येन्द्र प्रताप सिंह / मध्यान्ह**
रौतहट, ११ असार

स्थानीय तहरुले असार १० भित्रै आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गर्नुपर्ने संवैधानिक व्यवस्था भएपनि रौतहटका केही पालिकाले भने बजेट ल्याउन सकेका छैनन्।

गएको आवमा ५ महिना ढिलो गरी बजेट पारित गरेको फतुवा विजयपुर नगरपालिकाले पनि निर्धारित समयमा बजेट ल्याउन सकेको छैन। कार्यवाहक मेयर अमवेय खातुन र प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधानबीचको विवादले सोमबारको नगरसभा रोकिएको एक वडाध्यक्षले बताए। राजस्व हिनामिना आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा चलाएपछि गत वर्षको असार १३ यता मेयर गोपाल राय यादव निलम्बित छन्।

देवाहीगोनाहीको नगरसभा पनि रोकिएको छ। मेयर प्रेमलाल साह र उपमेयर परनिया देवीबीच मनमुटाव बढेपछि सोमबार आयोजना गरिएको नगरसभा स्थगित भएको हो।

मेयर साहले एकलौटी गर्न खोजेको उपमेयर परनियाको आरोप रहेको छ। सोमबारको सभाका लागि जेठ २७ मै पत्राचार भएको थियो। मेयर साहले विशेष कारणले



सोमबारको नगरसभा स्थगित गर्नुपरेको बताएका छन्।

जिल्लाका १६ नगर र २ गाउँपालिका मध्ये फतुवाविजयपुर, देवाहीगोनाही र बौधीमाईले सोमबारसम्म नगरसभा गर्न सकेका छैनन्। गरुडा, कटहरिया नगरले यो वर्ष ५ दिनअघि नै बजेट पारित गरिसकेका छन्।

बौधीमाई नगरपालिकाका उपमेयरसहितका जनप्रतिनिधिले नगरसभा बैठक बहिष्कार गरेका छन्। मेयर प्रदीप यादवले एकलौटी रूपमा नगर अधिवेशन गर्न खोजेको भन्दै उपमेयर प्रमीलादेवी जयसवालको नेतृत्व रहेको जनप्रतिनिधिहरुले नगरसभा बैठक बहिष्कार गरिएको बताइएको हो। मेयर यादव र उपमेयर जयसवाल नेकपा एकीकृत समाजवादी पार्टीको टिकटबाट निर्वाचित भएपनि मेयरले मनोमानी गर्न खोजेको आरोप लगाउँदै उपमेयरसहित केहीले नारा जुलुससहित नगर अधिवेशन बहिष्कार गरेका थिए। सोमबार नगरपालिकाको सभाकक्षमा नवौं नगर अधिवेशन आयोजना गरिएको थियो। ७ सय ५३ पालिकामध्ये १ सय ९० वटाले मात्रै मंगलबार बिहानसम्म संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेबसाइटमा बजेट समावेश गरेका छन्। पालिकाहरूले नगर तथा गाउँसभामार्फत आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गरेर असार मसान्तभित्र पारित गर्नुपर्ने संवैधानिक व्यवस्था छ। मधेश प्रदेशका आठ जिल्लाका एक महानगरसहित १ सय ३६ पालिकामध्ये २२ वटा पालिकाले बजेट सार्वजनिक गरेका छैनन्।

## खुल्दै...

(कोभिड-१९)को महामारीका कारण २०७६ माघ देखि बन्द रहेका नाका पाँच वर्षपछि एकैसाथ खुलेका हुन्।

कुटनीतिक क्षेत्रका जानकारहरू नेपालसँग चीन खुल्दै गएको प्रमाण भएको छ। यसलाई नेपालसँग चीन नजिकिँदो रहेको रुपमा समेत कतिपयले अर्थ लगाएका छन्।

## बीआरआईबाट...

ऋण सहुलियत ब्याजमा हुने बताए। 'ऋणको माखो साङ्लोमा नपर्ने गरी यो (बीआरआई) अगाडि बढाउँछौं' प्रधानमन्त्री प्रचण्डले भने।

ऋण लिने विषयमा नेपाली कांग्रेसका सांसद रामहरि खतिवडाले पुनः स्पष्टीकरण माग गरे। 'सफ्ट लोनको कुरा गर्नुभयो। तर अनुदान लोनमा प्रयास गरियोस् भनेर अनुरोध गर्न चाहन्छु' खतिवडाले भने।

जवाफमा प्रधानमन्त्री प्रचण्डले ऋण लिँदा एडिबी र वल्ड बैंकको ब्याजदार अनुसार लिइने गरी सम्झौता गर्न लागिएको बताए।

'हामी ग्रान्टमा नै जाने हो। अनुदान लिने कुरामा नै जाने हो। र कन्सेचनल लोन भनेको साथसाथै मैले एडिबी र वल्ड बैंक भनेको छु। यो भनेको १ प्रतिशत वा १.५ प्रतिशत भन्दा बढी नजाने भनिएको हो' प्रधानमन्त्री प्रचण्डको स्पष्टीकरण छ।

एडिबी र वल्ड बैंकको नाम लिनुको तात्पर्य त्यही प्रतिशतलाई इंकित गरेको उल्लेख गर्दै उनले दोहोऱ्याए, 'हाम्रो जोड ग्रान्टमा लिनेमा नै हुन्छ। यो कुरा हामीले सम्बन्धित सबैसँग चर्चा गरेका छौं।'

प्रचण्ड प्रधानमन्त्री र कांग्रेसका डा. प्रकाशशरण महत परराष्ट्रमन्त्री भएका बेला सात वर्ष अघि नेपाल र चीन सरकारबीच बीआरआई कार्यान्वयन गर्ने समझदारी भएको थियो।

नेपालले सन् २०१४ मा यो परियोजनामा सैद्धान्तिक सहमति जनाएको थियो भने सन् २०१६ मार्च २१ मा ट्रान्जिट ट्रान्सपोट एग्रिमेन्ट हुँदै सन् २०१७ मे १२ मा बीआरआई परियोजनामा हस्ताक्षर भएको थियो।

प्रधानमन्त्री प्रचण्डले गत वर्ष असोजमा आफूले चीन भ्रमण गर्दा समेत बीआरआई कार्यान्वयन गर्ने विषयमा छलफल भएको थियो। त्यसको निरन्तरतामा कार्यान्यन सम्झौता हुन लागेको हो। कककतर बीआरआई अन्तर्गत कार्यान्वयन गरिने परियोजना हालसम्म छनोट हुन सकेको छैन।

## वास्तविक...

ल्याउने गरेका छन्। कर्णाली प्रदेश सरकारले कृषि तथा पशुपन्छी क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गर्न हरेक वर्ष अनुदान वितरण गर्दै आएता पनि यसको सदुपयोग सही रुपमा हुन नसकिरहेको पाइएको हो।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मन्त्रालय मातहतका निकाय र स्थानीय तहले मार्फत हरेक वर्ष ल्याएका विभिन्न शीर्षकमा ल्याएका अनुदानका कार्यक्रम सञ्चालनमा छन्। तर अनुदानका कार्यक्रमले वास्तविक किसानको अवस्था सुधार गर्न नसकेको पाइएको हो

कृषि प्रविधि प्रबर्द्धन, कृषि प्रसार, पूर्वाधार विकास, पशुपन्छी व्यवसाय प्रबर्द्धन, कृषि उपकरण खरिद लगायतमा सरकारले दिएको अनुदानको प्रतिफल नदेखिएको हो। सरोकारवालाहरू सरकारले कृषि अनुदान वितरण भएपछि अनुदानको सदुपयोग भए-नभएको अनुगमनसम्म नगरेको बताउँछन्।

प्रदश सरकारका अधिकारीहरूका अनुसार दुई लाखदेखि पाँच लाखसम्म अनुदान दिइएको छ। उपभोक्ता समिति तथा लाभग्राही समुदायलाई मात्र अनुदान रकम उपलब्ध गराउन सकिने प्रावधान छ। कतिपय अवस्थामा यो प्रावधानलाई मिचेर समेत अनुदान दिने गरेको भनेर कतिपयले आलोचना गर्ने गरेका छन्।

महालेखापरीक्षकको वार्षिक प्रतिवेदनले नै मन्त्रालयले व्यक्तिगत फर्म तथा कम्पनीलाई २२ लाख अनुदान दिएको र यो नियमविपरीत रहेको औंल्याएको छ। महालेखाको आर्थिक वर्ष २०७५/०७६ को प्रतिवेदनले नमुना सहकारी गाउँ स्थापनामै बदमासी भएको उल्लेख गरेको छ।

तत्कालीन कृषि ज्ञान केन्द्र हुम्लाले सर्केगाड गाउँपालिकामा नमूना सहकारी गाउँ स्थापनाअन्तर्गत तरकारी, पशुपालन र फलफूल खेती सञ्चालन गर्न ९९ लाख १० हजार बजेट विनियोजन गरेको थियो। उक्त नमुना सहकारी गाउँको घोषणा गर्ने आधार नखुलाई अनुदान भुक्तानी दिएको महालेखाले भनेको छ।

अनुदान वितरणमा सबै तहका सरकारको बीचमा समन्वय गरी दोहोरो नपर्ने गरी अनुदानको पूर्ण सदुपयोग सुनिश्चित गर्नुपर्ने कानुनमा उल्लेख छ।

तर कर्णालीमा एउटै प्रयोजनमा पटक-पटक अनुदान दिइएको छ। महालेखापरीक्षकको प्रतिवेदनअनुसार कोल्ड स्टोर निर्माण गर्न एक सहकारीलाई मन्त्रालयले आठ लाख ५० हजार, तथा साना तथा मझौला आयस्तर वृद्धि आयोजनाबाट ५८ लाख ५० हजार अनुदान दिएको थियो। कृषि विकास निर्देशनालयले पुनः सोही प्रयोजनमा ६६ लाख ५० हजार अनुदान दिएको थियो। महालेखाको २०७६/०७७ को प्रतिवेदनले उक्त अनुदानबाट किसानले प्रत्यक्ष फाइदा नपाएको भन्दै छानबिन गर्न भनेको थियो।

भूमि व्यवस्था कृषि तथा सहकारीसम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन एकीकृत कार्यविधि, २०७७ अनुसार लागत अनुमानको ३० देखि ८५ प्रतिशतसम्म अनुदान दिने व्यवस्था छ। तर, कर्णालीमा अनुदानको नाममा किसानलाई तोकिएको मापदण्डभन्दा बढी अनुदान उपलब्ध गराइएको छ।

आर्थिक वर्ष २०७७/०७८ मा प्रदेश सरकारले बिउ उत्पादन तथा प्रशोधन भवन निर्माण, बेसार प्रशोधन मेसिन सञ्चालन, अदुवा प्रशोधन मेसिन सञ्चालन, सिड्स जर्मिनेसन विथ इन्कुबेटर सञ्चालन गर्न कुल ५८ करोड ४३ लाख ५० हजारको मेसिन खरिद गरी उपलब्ध गराएको महालेखाको प्रतिवेदनमा उल्लेख छ। ती मेसिनहरूको गुणस्तर तथा परिचालन क्षमता विश्लेषण नभएको महालेखाको प्रतिवेदनमा उल्लेख छ।

उपकरणहरू विद्युत् शक्तिको अभावमा उपयोगविहीन हुने जोखिम कायमै रहेको भन्दै महालेखाले आवश्यकता, प्राथमिकता र उपयोगिताको आधारमा सार्वजनिक स्रोतको परिचालन गर्न दिएको पनि सुझाव दिएको छ।

## इजरायलबाट...

योग्यता पुगेका आवेदकलाई गोल प्रथाबाट छनोट गरिने विभागले जनाएको छ।

इजरायल जान इच्छुकले असार ११ गतेबाट लागू हुने गरी २१ दिनभित्र आवेदन दिनुपर्ने विभागले उल्लेख गरेको छ।

## विदेशमा...

प्रधानमन्त्री दाहालले विदेशमा हुने मृत्यु तथा कानुनी सजायका सम्बन्धमा सम्बन्धित मुलुकको कानुनबमोजिम प्रहरी अनुसन्धान तथा न्यायिक निरूपणमा केही समय लाग्ने भएकाले नेपाली नियोगले शव पठाउने तथा क्षतिपूर्तिको रकम दिलाउन कतिपय अवस्थामा केही समय लाग्ने भए पनि नियोगहरूबाट यस प्रकारका सेवा चौबिसै घण्टा प्राप्त हुन सक्नेगरी व्यवस्था मिलाइएको जानकारी दिए।

'केही नियोगहरूमा टेलिफोन सेवाका अतिरिक्त हटलाइन सेवाका साथै वेबसाइट र सामाजिक सञ्जाललगायत माध्यमबाट सहज सम्पर्कको व्यवस्था मिलाइएको छ,' प्रधानमन्त्रीले भने, 'साउदी अरबलगायत केही नियोगमा 'सेल्टर होम'को व्यवस्था गरिएको छ। नियोगहरूले प्रत्यक्ष तथा अनलाइन माध्यमबाट नेपाली कामदार लक्षित मनोपरामर्शसम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएका छन्।'

राहदानी विभागले राहदानी सेवालाई थप प्रभावकारी र सेवाग्राहीमैत्री तुल्याइरहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले राहदानी वितरण अझ सहज, सरल र व्यवस्थित बनाउन प्रयत्न जारी रहने बताए। उनले विदेशमा रहेका नेपालीको हकहितलाई ध्यान दिँदै राहदानी तथा 'कन्सुलर' सेवालाई प्रविधिमा आधारित बनाइएको जानकारी दिए। 'राजदूतावास नभएका मुलुकहरूमा विद्युतीय राहदानी आवेदन संकलन र वितरणका लागि घुम्तीसेवा सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ,' प्रधानमन्त्रीले भने।

## भान्जाको....

आरोपीहरूलाई मंगलबार पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरिएको छ। असार ४ गते रकम लुटपाट गरेको उजुरी परेपछि प्रहरीले अनुसन्धान प्रक्रिया अगाडि बढाएको थियो। मुख्य योजनाकार भनिएका कुलबहादुर खत्री भने अहिले फरार छन्। उनी साइनोले डिल्ली राउतका मामासमेत पर्छन्।

डिल्ली युरोपेली मुलुकमा नेपाली कामदार पठाउने एजेन्टको काम गर्छन्। उनले विदेश जानेहरूसंग मोटो रकम असुल्ने गरेका थिए। यो कुरा उनको मामालाई थाहा थियो। विदेश बिशेषगरि क्रोएसिया जान चाहने मान्छेहरूलाई उनले भान्जासंग सम्पर्क गराउने गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। भान्जाको घरमा पैसा छ, कहाँ छ भन्ने राम्रो जानकारी पाएका मामा कुलबहादुर खत्रीले लुटपाटको सम्पूर्ण योजना बनाएको प्रहरीले बताएको छ।

भान्जा डिल्ली रावतको घरमा पैसा छ भन्ने जानकारी पाएका मामा कुलबहादुर खत्रीले सुजन रसाइली, भीम तामाङ, मुनाराज राई, कृष्णबहादुर बोहरा समेतलाई योजनामा सामेल गराई लुटपाट गरेका थिए।

सीआइबी प्रहरी हुँ भन्दै रावतको घरभित्र पसेका उनीहरूले डर त्रास देखाई दराजमा राखेको पैसा र खुकुरी समेत लुटेका थिए। उनीहरूले लुटेको रकम ५ जनालाई भाग लगाएका थिए।

आरोपी सुजन रसाइली यसअघि पनि ठगी, कुटपिट र अभद्र व्यवहार गरेको आरोपमा कारबाहीमा परेका थिए।

पक्राउ परेका प्रहरी हवल्दार कृष्ण बहादुर बोहरा नेपाल प्रहरीको 'सशस्त्र प्रहरी दुई नम्बर गण महाराजगन्ज'मा कार्यरत रहेका छन्।

पक्राउ परेका उनीहरूको साथबाट नगद ३६ लाख ३६ हजार रुपैया,घटनामा प्रयोग भएका २ वटा पल्सर मोटरसाइकल, मोबाइल १० थान, लुटिएको रकम बोक्ने झोला २ थान, लुटपाट गर्दा लगाएको कपडा, जुत्ता र खुकुरीसमेत बरामद गरिएको थियो।

पक्राउ परेका ४ जनालाई थप अनुसन्धानका तथा कारबाहीका लागि जिल्ला प्रहरी परिसर भक्तपुर पठाइएको छ।

# रोल्पामा चट्याङ लागेर २ जनाको मृत्यु

**सुर्य प्रकाश बुढा मगर / मध्यान्ह**
रोल्पा, ११ असार

रोल्पामा चट्याङबाट २ जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा रोल्पा सुनछहरी गाउँपालिका वडा नं. ३ बाहिरी गाम दाङ्जा बस्ने २२ वर्षीया जईता घर्तिमगर र १४ वर्षीया गोमला घर्तिमगर रहेकी छन्। मंगलबार आफ्नै घरमा सुतिरहेको अवस्थामा अचानक परेको चट्टयाङबाट उनीहरुको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रोल्पाले जनाएको छ।

# महोत्तरीमा बालविवाह न्यूनीकरण गर्न निबन्ध प्रतियोगिता



**काठमाडौं / मस**-संयुक्त अधिराज्य अमेरिकास्थित राज्य विभागको आर्थिक सहयोग, सेभ द चिल्ड्रेनमार्फत रतौली युवा क्लवसँगको साझेदारी तथा समाज उत्थान कल्याण संघको सहकार्यमा महोत्तरीमा 'बालविवाह न्यूनीकरण' गर्न निबन्ध प्रतियोगिता सम्पन्न भएको छ।

बालविवाह, कम उमेरमा हुने र जबरजस्ती गरिने विवाहविरुद्धको परियोजना अन्तर्गत जलेश्वर नगरपालिकाको ५ वटा माध्यमिक विद्यालयहरुमा निबन्ध प्रतियोगिता सम्पन्न भएको हो।

श्री सरस्वती माध्यमिक विद्यालय थरुवाहीमा भएको प्रतियोगितामा कामनी साह प्रथम, दिपिका राउत द्वितीय र अंशिका ठाकुर तृतीय भएकी छिन्।

यस्तै श्री माध्यमिक विद्यालय बखरी भाट्टमा भएको प्रतियोगितामा कुमारी सदा प्रथम, पप्पु कुमार ठाकुर द्वितीय र रितिक शर्मा तृतीय भएका छन्।

श्री जनता माध्यमिक विद्यालय पर्वी मलिबारामा भएको प्रतियोगितामा खुश्बु साह प्रथम, ईशा यादव द्वितीय, असगर अंसारी तृतीय भएका छन्।

यस्तै श्री जानकी परीक्षण माध्यमिक विद्यालय प्रकौलीमा भएको प्रतियोगितामा राखी चौधरी प्रथम, मेघा चौधरी द्वितीय र प्रिन्स मुखिया तृतीय भएका छन्।

श्री सुखदेव माध्यमिक विद्यालय सुगामा भएको प्रतियोगितामा संजना दास प्रथम, जानकी झा-द्वितीय र सुजित महतो तृतीय भएका छन्।

प्रतियोगितामा ५ वटा माध्यमिक विद्यालयमा ८६ जना सहभागी भएका थिए। प्रतियोगितामा विजयीलाई १ दर्जन कापी, १ पकेट बलपेन, १ पकेट सिसा कलम र १ सेट ज्यामेती बक्स प्रदान गरिएको समाज उत्थान कल्याण संघका अध्यक्ष रुपेश पासवानले जानकारी दिए।

# ठकुरी ग्रुपको सहयोगमा नेपाल फर्किए कास्कीका रिमाल





**तिलु शर्मा पौडेल / मध्यान्ह**
दोहा, कतार, ११ असार

कतार आएको ६ महिनाबाट नै अलेखबद्ध बनेका कास्की जिल्लाका दिल्ली प्रसाद रिमाललाई ठकुरी ग्रुपले मातृभूमि फिर्तीका लागि नगद सहयोग गरेका छन्। कतारमा रोजगारी गुमाएर अलेखबद्ध बनेका रिमाललाई नेपाल फर्कन उनले तिर्नुपर्ने विभिन्न निकायका जरिवानासमेत ग्रुपले तिरिदिएको छ। पासपोर्टसमेत गुमाएका रिमाललाई ठकुरी ग्रुपकै पहलमा नेपाली राजदूतावासबाट ट्राभल डकुमेन्ट बनाएर नेपाल पठाइएको ठकुरी सहयोग सञ्जाल कतारका अध्यक्ष केशु मल्ल ठकुरीले मध्यान्हलाई जानकारी दिए।

नेपाल फर्किएका रिमालले ठकुरी ग्रुपकै कारण आफू नेपाल फर्किन पाएकोमा आभार व्यक्त गरे। उनले कतारको बढ्दो गर्मी, त्यसैमाथि आफू अलेखबद्ध हुँदा रोजगारविहीन, खाना र बस्न समस्या भइरहेको बेला ग्रुपले आफ्ना लागि खाना बस्नदेखि नेपाल फर्किन र काठमाडौंबाट घरसम्म जान यातायात भाडासमेत उपलब्ध गराएको बताउँदै धन्यवाद व्यक्त गरे।

ग्रुपले कतारका विभिन्न सार्वजनिक कार्यक्रममा सुरक्षाका लागि स्वयंसेवकदेखि सुरक्षाकर्मीका रूपमा सशक्त जिम्मेवारी निभाउँदै आएको छ। अहिले पनि समाजमा हातभरि ट्याटु हानेको र अजंगको शरीर भएका व्यक्तिहरू देख्ने बित्तिकै उनीहरूप्रति नकारात्मक धारणा बनाउनेलाई ग्रुपले सामाजिक तथा मानवीय कार्य गरेर उक्त धारणालाई गलत साबित गर्दै आएको छ।

नेपाली समुदायलाई सहयताका साथै सरकारी निकाय कतार च्यारिटी, रेड्क्रीसेन्ट जस्ता संस्थाले गर्ने मानवीय तथा सामाजिक कार्यका लागि आवश्यक स्वयंसेवकलगायतका कार्यहरूमा सहयोगका लागि हरदम तयार रहेको र जो कोही नेपाली समस्यामा परेमा ग्रुपले सहयोग गर्ने ग्रुपका संयोजक बुलेट राजा ठकुरीले बताए।

## मालपोत कार्यालय भरतपुर, चितवनबाट प्रकाशित हकदावी सम्बन्धी ३५ दिने सूचना

जिल्ला चितवन साबिक कुमरोज गा.वि.स वडा नं. १ हालको रत्ननगर नगरपालिका वडा नं. ५ निवासी शम्सेर बहादुर सापकोटाको नातिनी रक्त बहादुर सापकोटाको छोरी सरस्वती सापकोटाको नाममा तपसिल बमोजिमको जग्गा दर्ता रही निज आफ्नो कालगतिबाट मिति २०७९।०७।०५ मा मृत्यु भएको निज जग्गाधनीको मृत्यु पछिको हक खाने निजको हकदार पतिको नाम, थर, वतन तथा वंशज कुनै पनि व्यहोरा ठेगाना थाहा नभएको र निज जग्गाधनी सरस्वती सापकोटाबाट जन्म भएका सन्तानहरू एक मात्र छोरा म हो, बिर बहादुर लामिछानेको नाममा एकलौटी नामसारी गरी पाउँ भनी चितवन जिल्ला, कुमरोज वडा नं. १ बस्ने बिर बहादुर लामिछानेले यस कार्यालयमा निवेदन पेश गरेको मिति २०८१।०३।११ को आदेश अनुसार यो ३५ दिने हकदाबी सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यसमा निवेदकको माग बमोजिम नामसारी गरीदिनु नपर्ने कुनै कारण भए वा निज भन्दा अन्य कोही नजिकको हकवाला भए सप्रमाण म्याद भित्र मालपोत कार्यालय भरतपुर चितवनको मुद्दा/प्रशासन शाखामा स्वयम् व्यक्ति उपस्थित भई दावी गर्न आउनु होला। अन्यथा कानुन बमोजिम भै जानेछ। म्याद समाप्त भएपछि कहीं कतै कसैको उजुर बाजुर लाग्ने छैन।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| चितवन | बछ्यौली | ९ | २९२ | ०-१-० कठ्ठा | |

ईति सम्वत् २०८१ साल असार महिना ११ गते रोज ०३ शुभम्.... ।

## सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस Ideal International Recruitment Pvt.Ltd. (इजाजत पत्र न. १६९०/०८०/०८१) मा Deployment Officer पदमा कार्यरत श्री चन्दन कुमार पटेल यस कार्यालय छोडि सकेको सबैमा जानकारी गराइन्छ। साथै निज व्यक्तिसँग वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा जानकारी गराइन्छ। यदि यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धि आर्थिक कारोबार गरे गराएमा जिम्मेवार हुने छैन।

श्रम इजाजत नं. १६९०/०८०/०८१

**Ideal International Recruitment Pvt. Ltd.**
Tokha -10, Samakhushi, Kathmandu, Nepal. Tel : 01-5920823, 5920823,
E-mail: mdideal123@gmail.com

## पञ्चदेवल विनायक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विनायक, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०३/१२**

यस पञ्चदेवल विनायक नगरपालिकाको मिति २०८१ साल बैशाख १७ गते प्रकाशित पञ्चदेवल क्याम्पस शैक्षिक भवन निर्माण ((भुई तला र पहिलो तला मात्र) ठेक्का नं. PBM/NCB/2080–081/W/07)) निर्माणका लागि तोकिएको मितिभित्र रीतपूर्वक पेस हुन आएका बोलपत्रहरुको प्राविधिक र आर्थिक पक्षको मूल्याङकन गर्दा श्री आकाश बडाल-जमुना जे.भि., ललितपुरले पेश गरेको बोलपत्र मू.अ.करबाहेक रु. २,३४,९६,१३०.९५/- (अक्षेरेपि रु. दुई करोड चौतिस लाख छयानव्वे हजार एक सय तिस रुपैया पन्चानव्वे पैसा मात्र) सबैभन्दा न्यूनतम भइ सारभूत रुपमा प्रभावग्राही समेत देखिई मूल्याङकन समिति तथा बोर्ड बैठकबाट स्वीकृतिका लागि पेश भएकाले सावर्जनिक खरिद ऐन २०६३ को दफा २७(२) बमोजिम आसयको सूचना प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**प्रमुख प्रशासकीय अधिकृत**

# पहाडी सौन्दर्यले सम्पन्न 'टिष्टुङ-पालुङ' पदमार्ग

**राजकुमार के.सी./मध्यान्ह**
मकवानपुर, ११ असार



बेमौसमी तरकारी खेती र सुन्दर पर्यटकीय क्षेत्रको कारण छुट्टै परिचय बनाएको मकवानपुर जिल्लाको उत्तरी क्षेत्रमा रहेको थाहा नगरपालिका रमणीय, प्राकृतिक र सहासिक पदयात्रा गन्तव्यको रुपमा पनि परिचित हुन थालेको छ ।

संघीय राजधानी काठमाडौं र बागमती प्रदेशको राजधानी हेटौंडाको समदुरीमा रहेको थाहा नगरमा खुलेका विभिन्न पदमार्ग र ती पदमार्गहरुमा आउने पर्यटकहरुको संख्याले थाहा नगरलाई पर्यटकीय पदमार्ग गन्तव्यको छुट्टै पहिचान दिन थालेको हो ।

नेपालको पहिलो राजमार्ग त्रिभुवन राजपथ (बाईरोड) सँग जोडिएको थाहा नगरमा हालसम्म खुलेका ७ वटा पदमार्ग र त्यहाँ आउने पदयात्रीहरुका कारण थाहा नगर पर्यटकीय गन्तव्यको रुपमा विकसित हुँदै गएको स्थानीय युवा कृषक निरोज प्रधानले बताए ।

थाहा नगरको ७ वटै पर्यटकीय पदमार्गका परिकल्पना थाहा नगरका युवा फोटो पत्रकार गणेश विष्टले गरेका हुन् । पर्यटकीय क्षेत्रहरुमा घुम्न, विभिन्न धार्मिक, साँस्कृतिक, ऐतिहासिक, कृषि, रमणीय वातावरण र स्थानीय जीवनशैलीको फोटो खिचेर त्यसको प्रचार-प्रसार गर्न सक्रिय बिष्ट फुर्सद हुनेबित्तिकै थाहा नगरको जिभिन्न स्थानहरुको अध्ययन, अवलोकन र प्रवर्द्धनमा पुगिहाल्छन् ।

बिष्टलाई स्थानीय युवा कृषक निरोज प्रधान, युवा व्यवसायी श्रीराम कार्की, युवा उद्यमी माधव कार्की, अनिता विष्ट, नरहरि पौडेलले भरपुर साथ दिएका छन् ।

त्यसो त थाहा नगरपालिकाका स्थानीयहरुले पदमार्गमा आउने पर्यटकहरुलाई गर्ने स्वागत सत्कारका कारण पनि पदयात्रीहरु थाहा नगरका पदमार्गहरुमा पदयात्रा गर्न उत्साहित भएको युवा उद्यमी माधव कार्कीले बताए ।

पछिल्लो समयमा गणेश बिष्ट लगायत युवाहरुले परिकल्पना गरेको 'टिष्टुङ-पालुङ' पदमार्गमा काठमाडौं ह्याप्पी हाइकरका ३२ जना र स्थानीय ८ जना समेत ४० जना पदयात्रीको टोलीले पदयात्रा गरेका छन् ।

करिव १७ किलोमिटर लामो पदयात्रामा पदयात्रीहरु प्राकृतिक मनोरमताको साथै गाउँले जीवनशैली बुझ्दै, रमाउँदै, गाउँ, जंगल, पाखा, सिम, चौर छिचोल्दै अग्ला डाँडा उक्लदै, ओर्लदैं यात्रा गर्नु यो पदयात्रा रुटको प्रमुख विशेषता हो ।

पदयात्राको क्रममा भेटिने खुकुरी पार्क, खेल मैदान, मुस्कान झरना, नर्बेढुंगा, चिया बगान, दमार, कुईभिर, नाँगेचुली असाध्यै रमाइलो र अदभूत रमणीय क्षेत्रहरु हुन् । टिष्टुङबाट पालुङ निस्कने यो पदमार्गको ठाउँ-ठाउँमा भेटिने डाँडाकाँडाले प्रकृतिक भ्यूटावरको अनुभुति दिन्छ । यो रुटमा तामाङ जनजातिको बाहुल्यता रहेको छ । टिष्टुङको नर्वेचोकबाट शुरु हुने यात्रा भाँङखोरियामा पुगेर पालुङसँग भेट हुन्छ । सोल्टुहुँदै फाँटबजारको होमस्टे पुगेर स्थानीयपनको आभास पदयात्रीहरुले गर्न पाउँछन् । होमस्टेमा पुग्दा 'टिष्टुङ-पालुङ'को पदयात्रा त सकिन्छ, तर 'पालुङ-आग्रा' पदमार्गको अर्को ढोका खुल्छ । फाँटबजारको यो होमस्टे क्षेत्र 'पालुङ-आग्रा' पदयात्राको बेसक्याम्प पनि हो । होमस्टेमा बास बसेर बिहान पालुङगढी, गोरखनाथ, पाण्डुकेश्वर, शंखमुल त्रिवेणीधाम लगायत क्षेत्रको भ्रमण गर्न पनि सकिन्छ ।

पदयात्रामा अत्यन्तै रुची भएका ह्याप्पी हाइकरका टिम लिडर राजाराम फुयाँलले थाहा नगरका पदमार्गहरुमध्ये 'टिष्टुङ-पालुङ' पदमार्ग उत्कृष्ट भएको र पर्यटन प्रवर्द्धका लागि यस रुटले भविष्य बोकेको बताए । गाउँले परिवेशमा मौसम अनुसारको फलफूल र कन्दमुल खाँदै यात्रा गर्दा आनन्दित तुल्याएको फुयाँलको प्रतिक्रिया छ ।

थाहा नगरका युवा फोटो पत्रकार गणेश बिष्टले परिकल्पना गरेका पदमार्गहरुमा विभिन्न क्षेत्रहरुबाट दुई हजार बढी पर्यटकहरुले यात्रा गरिसकेका छन् । संघीय राजधानी काठमाडौंको भिडभाड र कोलाहलबाट मुक्तभइ थकान मेट्न र प्रदेश राजधानी हेटौंडा लगायत तराई क्षेत्रका अत्यधिक गर्मीबाट शितलताको महसुस गर्नको लागि पनि थाहा नगरका पदमार्गहरु उपयुक्त गन्तव्य भएको पदयात्रीहरुले बताएका छन् । यस्ता पदमार्ग लगायत पर्यटकीय क्षेत्रको विकासका लागि स्थानीय सरकारले विशेष योजनासहित व्यवस्थित र प्रवर्द्धन गर्नुपर्ने फोटो पत्रकार विष्टको सुझाव छ ।

# विद्यार्थीसँग नगरप्रमुख कार्यक्रमले विद्यार्थीहरुमा उत्साह



**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ११ असार

सन्धिखर्क नगरपालिका अर्घाखाँचीले विद्यालयका विद्यार्थीसँग नगरप्रमुख कार्यक्रम कार्यान्वयनमा ल्याएको छ ।

नगरपालिकाभित्र रहेका विद्यालयमा देखिएका समस्यासँगै विद्यार्थीहरुले भोग्दै आएका व्यवहारिक कुरालाई नीतिगत रूपमा समाधान गर्ने उद्देश्यले नगरपालिकाले विद्यालयका विद्यार्थीसँग नगरप्रमुख कार्यक्रम सञ्चालनमा ल्याएको नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले बताए । सन्धिखर्क नगरपालिकाभित्र रहेका जनज्योती माध्यमिक विद्यालय, भगवती माध्यमिक विद्यालय, ज्ञानप्रकाश माध्यमिक विद्यालय, विजय माध्यमिक विद्यालय, युवा वर्ष रवी चित्र माध्यमिक विद्यालय, अर्घा रजस्थल माध्यमिक विद्यालय, आदर्श माध्यमिक विद्यालय लगायत नगरपालिकाभित्रका सामुदायिक निजी विद्यालयका विद्यार्थीहरुले विद्यालयमा भोग्दै आएका समस्या समाधान गर्नेतर्फ नगरपालिका र जनप्रतिनिधिहरुको ध्यानाकर्षण गराउँदै गुनासा व्यक्त गरेका थिए । विद्यार्थीहरुले आफुहरुमा भएको अन्तरनिहित क्षमताको पहिचान गरी बालबालिकालाई समग्र क्षेत्रमा सहभागी गराइ सुन्दर भविष्य निर्माणका लागि सहयोग गर्न अनुरोध गरेका थिए । विद्यालयका विद्यार्थीसँग नगरप्रमुख कार्यक्रममार्फत विद्यार्थीहरूले भोग्दै आएका समस्या, स्थानीय सरकारप्रति विद्यार्थीले गरेको अपेक्षा, विद्यालयमा देखिएका समस्याको नीतिगत तहबाट समाधान र बालबालिकाको मनोवल बढाउनु कार्यक्रमको उद्देश्य रहेको नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले बताए ।

स्थानीय सरकार जनताको घरनजिकको सरकार भएकाले आम नागरिकले भोग्दै आएका समस्याको पहिचान गरी नीतिगत तवरबाट समाधान गर्नु स्थानीय सरकारको प्रमुख दायित्व हुने भएकोले नगरपालिकाले विद्यार्थीको गुनासो सुन्न कार्यक्रम आयोजना गरिएको श्रेष्ठले बताए । 'स्थानीय सरकारसँग जनताका धेरै अपेक्षा छन् । विद्यार्थीका समस्या सुन्न यो कार्यक्रम अघि बढाएका हौं', नगरप्रमुख श्रेष्ठले भने ।

विभिन्न विद्यालयमा सञ्चालन हुँदै आएको कार्यक्रमका बारेमा विद्यार्थीबाट जानकारी लिन नगरपालिकाले कार्यक्रमलाई अगाडि बढाइने नगरप्रमुख श्रेष्ठले दाबी गरे ।

विद्यालयमा विद्याथीहरुले नयाँ कुरा सिक्ने अवसरबाट आफूहरू वञ्चित हुनुपरेको नगरप्रमुखसँग गुनासो गर्दै यस्ता समस्या समाधानमा स्थानीय सरकारले चासो देखाउनुपर्ने जोडदार माग गरे । कक्षाकोठा अभाव, शौचालयको समस्या, शुद्ध पिउने पानी अभाव, नयाँ कुरा सिक्नलाई प्रयोगशाला अभाव सेनेटरी प्याड व्यवस्थापन जस्ता समस्याको समाधान कहिलेसम्म हुन्छ भन्दै विद्यार्थीहरुले नगरप्रमुख श्रेष्ठलाई प्रश्न गरेका थिए ।

बालबालिकाको प्रश्नको जवाफ दिँदै नगरप्रमुख श्रेष्ठले विद्यार्थीका समस्या नगरपालिकाले सम्बोधन गर्ने बताउँदै विद्यार्थीको प्रश्नले आफु गम्भीर बनेको बताए ।

नगरपालिकाले पहिलो चरणको कार्यक्रम अन्तर्गत नगरपालिकाभित्रका ३५/३६ सामुदायिक विद्यालयका विद्यार्थीहरुको सहभागीतामा कार्यक्रम गरिएको नगरपालिकाका उपप्रमुख मिश्र आचार्यले बताइन् । विद्यालय तहदेखि विद्यार्थीहरुलाई जागरूक गर्दै लैजान नगरपालिकाले विद्यार्थीसँग नगरप्रमुख कार्यक्रम नीतिगत तहमा अघि बढाएको नगरपालिका शिक्षा अधिकृत मन्जु आचार्यले बताइन् । कार्यक्रममा सन्धिखर्क नगरपालिका भित्रबाट एसईई परीक्षामा ४ जिपिए प्राप्त गर्ने गौरीशंकर बोडिङ स्कुलका विद्यार्थी करण भुसाल र अभिषेक गैरेलाई नगद १० हजारसहित सम्मान गरिएको थियो भने विएलइ परीक्षामा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थीलाई सम्मान गरिएको थियो । कार्यक्रममा गौरीशंकर बोर्डिङ स्कुलका प्रिन्सिपल गणेश क्षेत्री, भगवती माध्यमिक विद्यालयका शिक्षक पदम पन्थी, शिव बेल्वासे लगायतका शिक्षकहरुको उपस्थिति रहेको थियो ।

# राजपुर नगरपालिकाद्वारा ५५ करोड बराबरको बजेट प्रस्तुत




**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, ११ असार

रौतहट राजपुर नगरपालिकाले आफ्नो ८ औं नगरसभा सम्पन्न गरेको छ । नगरप्रमुख मो.राजिक आलमले आर्थिक वर्ष २०८१/०८२ को अनुमानित नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरेका हुन् ।

आलमले आर्थिक वर्ष २०८१/०८२ को लागि कुल ५५ करोड बराबरको बजेट प्रस्तुत गरेका हुन् । यस वर्षको बजेटमा कृषि, शिक्षा, स्वास्थ्यलाई प्राथमिकतामा राखिएको छ ।

बजेट प्रस्तुत गर्दै मेयर आलम आफ्नो पहिलो कार्यकालमा बाँकी रहेको कामकाजलाई पूर्णता दिने किसिमको यस वर्षको बजेट विनियोजन गरिएको बताए ।

नेपाल सरकारको सशर्त अनुदानमार्फत, प्रदेश सरकार, आन्तरिक स्रोतमार्फत लगायत गत वर्षको बाँकी रहेको मौज्दातमार्फत रकममार्फत सो बजेट विनियोजन गरिएको हो ।

बजेट,नीति तथा कार्यक्रम प्रस्तुत गर्दै मेयर आलमले प्राविधिक दृष्टिले उपयुक्त, सामाजिक रुपमा सन्तुलित एवं राजनीतिक रुपमा स्वीकार्य विकास प्राप्तिका लागि समन्वय कायम गर्दै विकासका साझा गन्तव्यमा अगाडि बढ्दै, धार्मिक, पौराणिक एवम् ऐतिहासिक सम्पदाको धनी रहेको राजपुरलाई संरक्षण गर्नुपर्नेमा जोड दिएका हुन् ।

यो नगर धार्मिक र पर्यटकीय क्षेत्रको रुपमा रहेको राजपुरलाई जोडेर यहाँ पर्यटक भित्र्याउनुपर्नेमा प्रमुख प्रशासकीय अधिकृत खुरसिद आलमले जोड दिए । राजपुर बासिन्दाको सहयोग गर्नका लागि आफुले सम्बन्धित निकायमार्फत तयार रहेको पनि उनले बताए ।


**माइग्रेसन हराएको सूचना**

यहीं मिति २०८०/१२/०२ गते, काठमाडौं - महलबाट बसन्तपुरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको माइग्रेसन हराएको हुँदा पाउनुहुने महानुभावले मेरो निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन विनम्र अनुरोध गर्दछु ।

**नाम : विनीता श्रेष्ठ**
T.U. Reg. No. : 7–2–718–9–2012
Symbol No. : 5240009
Level : Bachelor BBS
**ठेगाना : गोकर्णेश्वर-५, काठमाडौं**

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**बैदेशिक रोजगार विभाग काठमाडौंको**
**सूचना**

प्रकाशित मितिः २०८१/०३/१२ गते

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त श्री अपेक्षा एच.आर. म्यानेजमेन्ट सर्भिसेस प्रा.लि. (इ.प्र.नं.१३८०/०७४/०७५) ले यस विभाग समक्ष निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र सबुद प्रमाण सहित बैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागी यस विभागको मिति २०८१/०३/१० गतेको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम इजाजतपत्र खारेज गरि धरौटि रकम फिर्ता र बैंक ग्यारेण्टी फुकुवा भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**
**दावी विरोध सम्बन्धी सूचना**

प्रकाशित मितिः २०८१/०३/१२

यस विभागबाट वैदेशिक रोजागर व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **Miracle Employment Service Pvt.Ltd.(इ.प.नं. ७१९/०६४/०६५) काठमाण्डौंको साविकको ठेगाना काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ०४ परिवर्तन गरी काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ०३ काठमाण्डौमा** ठेगाना कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोहि कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**त्रि. वि. विज्ञान तथा प्रविधि अध्ययन संस्थान**
**डीनको कार्यालय कीर्तिपुरको**
**सिलबन्दी दर/रेट उपलब्ध गराउने सम्बन्धी सूचना**

यस कार्यालयले काठमाडौं जिल्लाको जहरसिहंपौवा क्षेत्र/आसपासमा २०८१ असारको तेस्रो सातादेखि ७ दिन सम्म FCE कार्यक्रम सञ्चालन गर्न लागेको र सो कार्यक्रममा करिब ४० जना समावेश हुने भएकाले सहभागीहरुलाई बिहानको खाजा, दिउंसोको खाना माछा/मासुसहित, बेलुका भेज खाना, २ पटक चिया र लज (७ कोठा सिङ्गल र अन्य १७ कोठा डबल इन्टरनेटको सुविधा सहित) तथा राम्रो इन्टरनेट सेवा भएको ४० जना सजिलै अट्ने कार्यक्रम हल/स्थल के कति दरमा उपलब्ध गराउन सक्ने हो यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनको अपरान्ह ४ बजे भित्रमा यस कार्यालयमा सिलबन्दी दर/रेट पेस गर्न त्यस क्षेत्र/आसपासमा सञ्चालित मु.अ.करमा दर्ता तथा हालसम्म नवीकरण गराएका होटलहरुलाई अनुरोध गरिन्छ । केही कुरा बुझ्नु परेमा ९८४१२९६७९३ मा सम्पर्क गर्न सकिने छ ।

**सहायक डीन**

**कुवेतमा रोजगार**

कम्पनीः **SWISS CHOCOLATE FOODSTUFF COMPANY** शहरः Kuwait
पूर्व स्वीकृत मितिः २०८१/०३/११ चलानी नं.: ६०२२१५६६ LT. No.: 306778

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 4 | 0 | सम्बन्धित काममा दक्ष | 135 | ५८,६४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Sales person | 3 | 3 | | 140 | ६०,८१९ | | | | | | |

कम्पनीः **TRADE LINK LOGISTICS COMPANY FOR GENERAL TRADING AND CONTRACTING** शहरः Kuwait
पूर्व स्वीकृत मितिः २०८१/०३/११ चलानी नं.: ६०२२१५६७ LT. No.: 306779

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 3 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ५६,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Cleaner | 4 | 0 | | 100 | ४३,४४२ | | | | | | |
| 3. | Waiter/waitress | 5 | 5 | | 130 | ५६,४७५ | | | | | | |

कम्पनीः **CAMMY BURGER FOR MOBILE SNACKS AND COLD AND HOT DRINKS** शहरः Kuwait
पूर्व स्वीकृत मितिः २०८१/०३/११ चलानी नं.: ६०२२१५६८ LT. No.: 306780

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 4 | 0 | सम्बन्धित काममा दक्ष | 145 | ६२,९९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Barista | 0 | 2 | | 145 | ६२,९९१ | | | | | | |
| 3. | Cook | 3 | 0 | | 145 | ६२,९९१ | | | | | | |
| 4. | Light Driver | 3 | 0 | | 135 | ५८,६४७ | | | | | | |
| 5. | Waitress | 0 | 3 | | 120 | ५२,१३० | | | | | | |

कम्पनीः **FIVE G INTERNATIONAL MOBILE COMPANY FOR SNACK FOODS, HOT AND COLD DRINKS,AND ICE CREAM**
पूर्व स्वीकृत मितिः २०८१/०३/११ चलानी नं.: ६०२२१५६९ LT. No.: 306781 शहरः Kuwait

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 4 | 0 | सम्बन्धित काममा दक्ष | 145 | ६२,९९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Barista | 0 | 2 | | 145 | ६२,९९१ | | | | | | |
| 3. | Cook | 3 | 0 | | 145 | ६२,९९१ | | | | | | |
| 4. | Light Driver | 3 | 0 | | 135 | ५८,६४७ | | | | | | |
| 5. | Waitress | 0 | 3 | | 120 | ५२,१३० | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १९ गते (3 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

License No.: 1542/ 078/079
**LOGIN INTERNATIONAL OVERSEAS RECRUITMENT PVT.LTD.**
**( साविक GLOBAL SAPANA OVERSEAS PVT. LTD.)**
Tel: +977-1-5911074/75, Basundhara-3, Kathmandu, E-mail:- loginoverseasrecruitement@gmail.com, Hotline No: 9823815921

**VACANCY ANNOUNCEMENT**
WE'RE HIRING
यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
COMPUTER OPERATOR - (2 Female)
Should have Diploma in computer operator
Fluent in English writing & speaking
SALARY Negotiable
SEND YOUR CV: klemployment@hotmail.com
01-4564113, 01-4591380
**K L Employment Service (P) Ltd.**
Shambhu marg (Near to Airport), Kathmandu
Web: www.klemployment.com.np
Govt. Lic. No. 701/063/064

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६४/११/३० मा दर्ता भएको **प्रा.लि.नं. ५२२८६** को **दोभान मेडिकेयर ट्रेडर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०७/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**उद्योग खारेजीको ३५ दिने सूचना**

उद्योग तथा उपभोक्ता हित सरंक्षण निर्देशनालय सुर्खेत (साबिक घरेलु तथा साना उद्योग विकास समितिको कार्यलय) मा म श्री देब कुमारी सापकोटा धनि रहेको, दर्ता नम्बर ९०९४/०७८/०७९ लेकबेसि न.पा १ मा संचालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको दिपा कृषि तथा पशुपन्छी फर्म नामको प्राइभेट उद्योग मेरो घरायसी कारण खारेजी गर्नुपर्ने भएको हुदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसंग कोहि कसैको कुनै प्रकारको दायित्व बाकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित सरंक्षण निर्देशनालय सुर्खेत समक्ष दाबी गर्न हुन कर्णाली प्रदेश औधोगिक व्यावसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०४/१२ मा दर्ता भएको **प्रा.लि.नं. १५२७१२/०७३/०७४** को **वेदव्यास ट्रेडर्स प्रा.लि.** को मिति २०८१/०१/२७ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः सन्तोष गौतम, इजाजत पत्र नं. ५५४**
**ठेगानाः काठमाडौं, फोन नं. ९८४१४४०६३८**

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
१२ असार २०८१, बुधबार
26 June 2024, Wednesday

सम्पादकीय

## स्थानीय सरकारको अलमल

यसपटक पनि ५० भन्दा बढी स्थानीय तहले समयमा बजेट ल्याउन सकेनन् । सरकारी अधिकारीहरूका अनुसार, ३१ गाउँपालिका र १९ नगरपालिकाले १० असारभित्र बजेट ल्याउन नसकेका हुन् । बजेट आउन नसक्नुको प्रमुख कारण जनप्रतिनिधिहरूबीच मतभेद हुनु हो । फरक–फरक दलबाट निर्वाचित भएर आएका जनप्रतिनिधिहरूले अडान लिदा समयमा बजेट आउन नसकेको हो । कतिपय पालिकामा मेयर नै अल्पमतमा छन् भने कतिपयमा मेयर र उपमेयर अल्पमतमा छन् । कार्यपालिकामा प्रमुख र उपप्रमुख अल्पमतमा पर्दा समयमा बजेट आउन नसकेको हो । जनप्रतिनिधिहरूबीच मतभेद हुनु, कार्यकारी प्रमुख र जनप्रतिनिधिबीच समस्या देखिनु लगायत कारणले यसअघि पनि कयौं पालिकाले समयमा बजेट ल्याउन सकेका थिएनन् । समयमा बजेट नआउँदा कर्मचारीको तलबभत्ता, कार्यालय सञ्चालन जस्ता आधारभूत कामहरू समेत प्रभावित हुने गरेको छ ।

समयमा बजेट नआउँदा विकास निर्माण कार्यमा ढिलासुस्ती देखिनु स्वभाविक हो । किनकि आर्थिक वर्ष सुरू भइसकेपछि बजेट परियोजना कार्यान्वयनमा स्वतः ढिलाइ हुन जान्छ । सुशासनको एजेण्डा चौपट हुन पुग्छ । किनकि आर्थिक अनुशासनको पालना गरेर बजेट आउन नसक्नुको असर अरूतिर पनि पर्न जान्छ । तलब भत्ता नपाएका कर्मचारीबाट पारदर्शी कार्य सम्पादनको आशा गर्ने नैतिक हिम्मत जनप्रतिनिधिसँग रहँदैन । मेयर तथा अध्यक्षले समयमा बजेट नल्याउने अनि विकास निर्माण, सुशासन र सिर्जनात्मक कार्यसम्पादनको अपेक्षा राख्न सक्दैनन् । अर्थात् बजेट समयमा नल्याउनुको सर्वाङ्गीन असर पर्छ । यस्तो तथ्य जनप्रतिनिधिले नबुझेका भने होइनन् ।

तर २०७२ को संविधान बमोजिम २०७४ देखि कार्यान्वयनमा आएको स्थानीय सरकारहरूको बजेट निर्माणमा बर्षेनि विलम्ब हुँदै आएको छ । कतिपय स्थानीय तहले आर्थिक वर्षको पहिलो चौथाईं सकिदा बल्ल बजेट ल्याउने गरेको विगतका उदाहरण देखिन्छ । जबकी स्थानीय सरकारले समयमा बजेट ल्याउने, सुशासन कायम गर्ने र विकास निर्माणलाई गति दिएर संघीयताको औचित्य पुष्टि गर्नुपर्ने चुनौती छ । किनकि संविधान बमोजिम जनताको आँगनमै पुगेको सरकारप्रति बितृष्णा जगाउने ठूलै पंक्ति सक्रिय छन् । उनीहरूले लगातार वर्तमान व्यवस्था असफल भएको प्रचार गरिरहेका छन् । कतिपयले संविधान बन्नुअघि नै संघीयताको विरोध गर्थे । अहिले तिनै पंक्तिलाई बल पुग्नेगरी बजेट निर्माणमा अनावश्यक किचलो भइरहेको छ । त्यसैले सुशासन र विकासको अनुभूति जनतालाई दिन पनि समयमै बजेट ल्याउन अनि कार्यान्वयनमा जोड दिइनु आवश्यक छ ।

## तपाईंको राशिफल

- मेष : स्वास्थ्य गडबड हुने योग छ । चिन्तामा वृद्धि हुनेछ ।
- वृष : पारिवारिक कार्य सफल हुनेछ । प्रसन्नतामा वृद्धि हुनेछ ।
- मिथुन : अचल सम्पत्तिमा वृद्धि हुनेछ तथा नाता गोतासित भेंट हुनेछ ।
- कर्कट : शैक्षिक कार्यमा प्रगति हुनेछ । खानपानमा ध्यान दिनुहोला ।
- सिंह : विशेष कामले यात्रा हुनसक्छ । सबै कार्यमा सावधानी राख्नुपर्छ ।
- कन्या : स्वास्थ्य लाभ हुनेछ । दिदी बहिनीको राम्रो सहयोग प्राप्त हुनेछ ।
- तुला : शिक्षामा प्रगति हुनेछ । वाहन सावधानी राख्नुहोला ।
- वृश्चिक : आफ्ना इष्टमित्रहरूसँग भेटघाट हुनेछ । धैर्यमा वृद्धि हुनेछ ।
- धनु : नयाँ काम बन्नेछ । बाहिरी सम्बन्ध राम्रो रहनेछ ।
- मकर : प्रयास सफल हुनुका साथै, धन आर्जन हुने योग छ ।
- कुम्भ : आर्थिक लाभ हुनुका साथै व्यापारिक पक्ष पनि सुदृढ हुनेछ ।
- मीन : सुख सुविधामा वृद्धि हुनेछ । नयाँ सम्पर्क बन्ने योग छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# पर्यावरण रक्षाको सवाल

अग्रलेख



● लोक नारायण सुवेदी



हामी यही प्रकृतिकै उपज हौं । त्यसैले पर्यावरणको रक्षा गर्नु हाम्रो परम कर्तव्य हो । सनातनिक शास्त्रहरूमा भनिएको पनि छ कि प्रकृति रक्षति रक्षितः अर्थात् प्रकृतिको रक्षा गरेमा नै प्रकृतिले हामीलाई रक्षा गर्नेछ । हुन पनि मानिस र प्रकृतिको अन्तरसम्बन्ध अत्यन्तै गहिरो र चीरकालीन रहेको छ । मानिस स्वयम् प्रकृतिको अंश भएकोले प्रष्ट छ कि जुन-जुन तत्वले प्रकृति बनेको छ, त्यसको अंश पनि स्वभावतः मानिसमा जोडिएको छ ।

हुन पनि प्रकृतिले सबै जीवका लागि स्थल, जल, बन र वायुका रूपमा एउटा व्यापक र विस्तृत आवरण निर्माण गरेको छ । त्यसैलाई हामी ' पर्यावरण' अर्थात् 'इकोसिस्टम' पनि भन्ने गर्दछौं । शब्दमै पर्यावरण 'परि+आवरण'को संयोजनबाट बनेको हो । 'परी'को अर्थ वरिपरि र 'आवरण'को अर्थ परिवेश हो । अर्को शब्दमा भन्नुपर्दा, वनस्पति, जनावर र मानव जाति र तिनीहरूसँग सम्बन्धित भौतिक संयोजनलाई पर्यावरण भनिन्छ । वास्तवमा हावा, पानी, जमिन, रूख, बोटबिरुवा, जनावर, मानव र तिनीहरूको सन्तुलित अवस्था प्रकृतिले खोजेको हुन्छ । तर, आज प्रकृति प्रदत्त तत्त्वहरू मानवद्वारा नै प्रदुषित बनाएका कारण ती सबैको जीवनका घातक बन्न पुगेका छन् ।

जीवधारी कोही पनि सानो होस् या ठूलो, शान्त रहने होस् या चर्को स्वरमा कराउने सबैलाई प्रकृतिले मिलाइ मिलाइ अघि बढ्ने अवसर प्रदान गर्दछ । त्यसैले विश्व प्रसिद्ध दार्शनिक फ्रेडरिक एङ्गेल्सले भनेका छन्- प्रकृतिका अधिशासित नियमको पालना गर, यसलाई जथाभावी दोहन नगर, अन्यथा यसले बाढी पहिरो, रोगब्याथी र अनेक प्राकृतिक विपत्ति ल्याएर बदला लिन्छ । तर, यो कुरालाई सही किसिमले मनन नगर्दा नै अहिलेको अवस्था आएको पाइन्छ । अहिले विश्वभर नै भोक तथा पोषणको समस्या विकराल बनिरहेको छ । अर्कोतर्फ, हावापानीमा तिव्र असन्तुलन आउँदा र मानवीय कृयाकलाप मनलागी प्रकृतिको हुँदा मरुभूमिकरण पनि बढिरहेको छ । यसले गर्दा विश्वमा भोकमरी र कुपोषणजस्ता अनेकथरी समस्याहरू सिर्जना भइरहेको छ ।

अहिले विश्वका निम्ति जलश्रोत नदी नाला, ताल तलैयाको संरक्षण सम्वर्द्धन गर्नुपर्ने आवश्यकता पनि उत्तिकै छ । अनि यसको लागि बन र बनस्पतिहरूको संरक्षण सम्वर्द्धन पनि आवश्यक छ । बनले नै पर्यावरणलाई सही ठाउँमा राख्दछ । अनि जमिनका लागि आवरणको पनि काम गर्दछ । भूस्खलन रोकेर भूसंरक्षण गर्दछ । यसले जलको सञ्चय गर्न पनि मद्दत गर्दछ । हरित ग्यास सोस्छ । यसका अतिरिक्त जलवायु परिवर्तनलाई न्यून गर्न मद्दत गर्नुका साथै बढ्दो तापमानमा पनि कमी ल्याउँदछ । सुखा, अकाल र बाढी पहिरोको विभीषिकाबाट पनि बचाउँदछ । यी सबै महत्वलाई बुझेर नै प्राचीन ऋषिहरूले पनि प्रकृति संरक्षणको विषयमा विभिन्न कुराहरु अगाडि सारेका थिए ।

यतिबेला संयुक्त राष्ट्र संघको प्रस्ताव २०३० को लक्ष्य १५ मा पनि टिकाउ बन व्यवस्थापनका जोड दिइएको छ । गरिबी, अनिकाल, बिमारी, बेरोजगारी, बिषमता, शोषण आदिबाट मुक्ति पाउनका लागि पनि यो धारालाई व्यवहारमा लागु गर्नु आवश्यक छ । जसको लागि प्राकृतिको संरक्षण पहिलो सर्त हो । यदि प्रकृतिलाई सन्तुलनमा राखिएन भने भनिएका सबै कुरा व्यर्थ हुनेछन् ।

'लिभिङ्ग प्लानेट' प्रतिवेदन २०२० का अनुसार पनि वर्ष १९७० देखि २०१६ का बीचमा लगभग ६० प्रतिशत पशुपंक्षी, जलचर तथा सर्प एवम् माछाहरूको संख्यामा ठूलो कमी आएको छ । यसको सम्वर्द्धन गरेर नै हामीले प्रकृतिको यो धरोहरलाई फेरि पनि बचाउन सक्छौं । प्रकृतिको यो सन्तुलनलाई निरन्तर कायम राख्न हामीले पर्यावरणमा जस्ता खालका समस्याहरू उत्पन्न भएका या गरिएका छन् तिनको समाधान गर्न सक्छौं ।

आज बढ्दो तापक्रमका कारणले पृथ्वीमा अनेक प्राकृतिक विपत्तीहरू आइरहेका छन् । पृथ्वीको यो बढ्दो तापक्रमलाई रोक्नका निम्ति जीवाश्म इन्धनको कमी र २०५० सम्ममा कार्बनरहित विकास लक्ष्यमा द्धढताका साथ लाग्न आवश्यक छ । जसका लागि अक्षैय ऊर्जाका स्रोतहरू जस्तै सौर्य, बायु, हाइड्रोजन आदिको उपयोग गर्ने, भएका वृक्ष र बनको संरक्षण र सदुपयोग गर्ने, आगलागी हुन नदिने उपाय अपनाउने र निरन्तर वृक्षारोपण गर्ने अनि प्लास्टिक, फोहरमैला आदिको समुचित व्यवस्थापन गरेर वातावरण स्वच्छ बनाउने जस्ता अति महत्वपूर्ण कुराहरूलाई निरन्तरता दिनु आवश्यक छ । यदि यस्ता नियमलाई पालना गर्न सकिएमा पर्यावरण सन्तुलित राख्न हामी सक्षम हुनेछौं ।

भनिन्छ चमेराका कारण कोरोना उत्पन्न थियो । सबैलाई थाहा छ, यो रोग विश्वमा कति आतंक फैलायो । अत्यन्तै विकसित मानिएका अमेरिकी र युरोपेली देशहरूलाई पनि यसले कति अप्ठ्यारो अवस्थामा पुऱ्यायो । त्यस्तो बेलामा पर्यावरण संरक्षणको लागि दृढ संकल्प, संयम र सजगताका साथ प्रस्तुत हुनु अत्यन्त जरुरी छ । अहिले कोरोना हटेर गए पनि निकट भविष्यमा यस्तै अर्को कुनै महामारीले फेरि पिरोल्ने परिस्थिति नबनोस् भन्नेतिर ध्यान केन्द्रित हुनै पर्दछ । यसका लागि यतिबेला हामीले जंगली जनावरसँगको दूरी पनि कायमै राख्नु पर्ने देखिन्छ । प्रकृतिलाई हरितमय तुल्याएर रमाउन सिक्नु पर्दछ । किनभने यो मानिसको जीवनको आधार, गुजारा र जीवनचर्यासँग अभिन्नरूपले जोडिएको कुरा छ । पर्यावरण बिग्रियो र बढ्यो भने त्यसले गरीबी, भोकमरी, असमानता, बेरोजगारीलाई नै अभूतपूर्वरूपमा मलजल पुग्दछ ।

> *प्रकृतिको सही किसिमले संरक्षण तथा सम्वर्द्धन गरिएमा नै हाम्रा धेरैजसो समस्याहरूको निराकरण हुनेछ । प्रकृतिलाई सन्तुलनमा राख्न सकेमा नै हाम्रो जित हुनेछ । अहिलेको आवश्यकता प्रकृतिसँग तादात्म्यता राखेर प्रकृतिसँग सुसम्बन्ध कायम गरेर अगाडि बढ्नु हो ।*

निष्कर्षमा, प्रकृतिको सही किसिमले संरक्षण सम्वर्द्धनबाट नै हाम्रा धेरैजसो समस्याहरूको निराकरण हुन्छ । प्रकृतिलाई सन्तुलनमा राख्न सकेमा नै हाम्रो जित हुनेछ । अहिलेको आवश्यकता प्रकृतिसँग तादात्म्यता राखेर प्रकृतिससँग सुसम्बन्ध कायम गरेर अगाडि बढ्नु हो । हामीले सोंचेका सबै अपेक्षा प्रकृतिलाई सन्तुलनमा राखेर मात्रै प्राप्त हुनेछ ।

विश्वमा यतिबेला पेरिस जलवायु सम्झौताको विषयमा छलफल भइरहेको छ । यद्यपि, यसलाई लागु गर्न अझै आनाकानीको अवस्था देखिन्छ । अमेरिका, युरोप र महाशक्तिको दौडमा देखिएका अन्य राष्ट्रका बीच यसमा गम्भीर छलफल हुन आवश्यक छ । नत्र सबैका निम्ति खतराको घण्टी बज्न बेर लाग्दैन ।

# कक्षा १० पछि के पढ्ने ?

*एउटा विद्यार्थीले कक्षा ११ मा अध्ययनका लागि विषय छनोट र स्कुल छनोट गर्ने कुरा उसको जीवनमा एक पटक मात्र आउने र उसको जीवनपर्यन्त महत्व राख्ने विषय भएकाले हामी अभिभावक र आफन्तहरूले उसको यो महत्वपूर्ण घडीमा अत्यन्तै सजग र जिम्मेवार भइदिनुपर्छ । यस कार्यमा अभिभावकले आफ्ना नानीबाबुलाई समय र साथ दिएर विषय छनोट गराउनु उपयुक्त हुन्छ ।*

विचार



● अमृतबाबु भट्ट

एसइई परीक्षा २०८० सालमा सामेल विद्यार्थीहरू अहिले कक्षा ११ को भर्नाका लागि आफूलाई पायक पर्ने सानादेखि ठूला सहर र केन्द्रमा परामर्श लिन दौडधुप गरिरहेका छन् । विद्यार्थीका अभिभावकहरू आफ्नो नानीबाबुको पढाइ र सुन्दर भविष्यका लागि आवश्यक खर्चको जोहो गर्ने र परामर्श लिने क्रममा छन् । अबको ५० हजार विद्यार्थी एसइई पास गरेर ११ कक्षामा भर्ना हुनेछन् । यस क्रममा कक्षा ११ मा के पढ्नु उपयुक्त होला ? भनी अविभावकहरूले जिज्ञासा बढ्न थालेको छ ।

हरेक बालबालिका १० कक्षासम्मको पढाइ पूरा गर्ने क्रममा उसको लगाव प्राकृतिक विज्ञान वा सामाजिक विज्ञानमध्ये एकातिर अलि बढी भएको कुरा उसको शिक्षक, अभिभावक वा ऊ आफैंले पहिचान गरेको हुनुपर्छ । प्रकृति विज्ञानअन्तर्गत भौतिकशास्त्र, रसायनशास्त्र, जीव विज्ञान आदि पर्छन् । यसले एउटा तथ्यलाई संसारभरि त्यही तथ्यका रूपमा स्वीकार्छ । जस्तो दुई भाग हाइड्रोजन र एक भाग अक्सिजन मिसाउँदा त्यो नेपालमा भए पनि अमेरिकामा भए पनि पानी नै बन्छ, त्यो चाहिँ प्राकृतिक विज्ञान हो । समाज विज्ञानमा लेखा, अर्थशास्त्र, वाणिज्य शिक्षा आदि पर्दछन् । समाज विज्ञानले तथ्यलाई समयसापेक्ष बुझ्न सिकाउँछ । जस्तो नेपालको गरिबीका कारण अमेरिकाको गरिबीको कारणसँग मेल खाँदैन । त्यसैले समाज विज्ञान पढ्न पढाइसँग नेतृत्व गर्ने, व्यवस्थापन गर्ने आदि सीप विकास गर्दै लानुपर्ने हुन्छ ।

यस क्रममा विद्यार्थी कक्षा ९ र १० तिर पढिरहँदा उसले दिने सृजनात्मक उत्तर, उसले बनाउने परियोजना कार्य, कक्षाको छलफल वा उसले प्रयोग गर्ने ग्याजेटस आदिबाट थाहा पाउन पनि सकिन्छ । यदि बालबालिकाहरू बढी जागरुक छ भने उसले कोरेको आफ्नो भविष्यको योजनाले समेत यसको जानकारी दिन्छ । खासगरी प्राविधिक स्वभावको बालबालिकाले प्राकृतिक विज्ञान, सामाजिक सीप जस्तैः नेतृत्व लिन चाहने, भाषाशैलीमा महत्व दिने, व्यवस्थापकीय सीपमा चाख राख्ने बच्चाहरूले समाज विज्ञान पढेको राम्रो हुन्छ । विशेष सीप जस्तैः सङ्गीत, हस्तकला, चित्रकला आदितिर झुकाव भएकाहरूले त्यसैअनुसारको विषय छनोट गर्न उपयुक्त हुन्छ । यी विषय छान्नुपूर्व विद्यार्थीहरूले पहिले आफ्नो जीवन खुसी हुने आदर्श पेसा कुन हो र केही गरी त्यो भएन भने दोस्रो छनोट के हो भनेर निर्धारित गर्नुपर्ने हुन्छ । त्यसका लागि १५, १६ वर्षको उमेरमा विद्यार्थीहरू पढेलेखेका अभिभावक र आफन्तहरू तथा मित्रहरूले सहयोग गुर्नपर्छ । त्यसैले कुनै पनि विद्यार्थीले आफ्नो विषय छनोट गर्दा विषयको गम्भीरता र त्यसले दिने रोजगारी आफूलाई मिल्दो, सुहाउँदो र इच्छाएको हुन्छ कि हुँदैन भन्ने विषयमा राम्ररी परिकल्पना गरेर निश्चित गर्नु उपयुक्त हुन्छ ।

धेरै नम्बर पाएका विद्यार्थीहरू प्राकृतिक विज्ञान पढ्ने, मेडिकल, इन्जिनियरिङ आदि गर्नुपर्ने भन्ने मान्यता राख्नु हुँदैन । कुनै पनि पेसा आफैंमा ठूलो सानो छैन । कुन तहको काममा सम्बन्ध छ भन्ने कुराले सन्तुष्टिको तहलाई फरक पार्दछ । अनावश्यक रूपमा बालबालिकालाई दसैंका टीका लगाउँदादेखि यस्तो बनोस्, उस्तो गरोस् भनेर सुनाउन आफैंमा घुमाउरो पाराले अभिभावकको इच्छालाई विद्यार्थीको भविष्यमा मुखरित गरिएको हो । यो आफैंमा घातक छ । कुनै पनि विद्यार्थीलाई सानो उमेरमै विज्ञान पढ्ने होला तिमीले, उसले-उसले यो पढेर यसो गऱ्यो आदि कुरा गर्नु हुँदैन । किनकि त्यस्तो गर्दा विद्यार्थीको वास्तविक क्षमता भएको क्षेत्र पहिचान नै गर्न सक्दैन ।

खासगरी विकसित देशहरूमा शिक्षा दिने तरिका ज्यादै फरक छ । उनीहरू अन्डर ग्राजुयट तहसम्म विद्यार्थीलाई सामान्य र धेरै विषय पढाउँछन्, दर्शनशास्त्रलाई धेरै महत्व दिन्छन् । विषय छनोटमा व्यापक लचकता दिन्छन् । त्यसैले हाम्रो पाठ्यक्रम उनीहरूको भन्दा नितान्त फरक हो । विदेश जानलाई कक्षा ११ को यो वा त्यो विषयले तात्विक फरक पार्दैन । कति अभिभावकहरू परामर्शमा आउँदा घुमाउरो हिसाबले आफ्नो बालबालिकाले डाक्टर, इन्जिनियर पढोस् भन्ने चाहन्छन् । यसको कारण सोध्दा उनीहरूको आफ्नो स्वार्थ देखिन्छ । कतै न कतै डाक्टरको इन्जिनियरको मामा, काका, आमाबुबा हुने स्वार्थ त्यसमा देखिनु सही हुँदैन किनकि कोही पनि विद्यार्थीले अभिभावकको स्वार्थलाई त्यति महत्व दिएको पाइँदैन । कतिपय अभिभावकहरू सबैभन्दा राम्रो विषय के हो ? भनी सोध्छन्, यसको उत्तर के हुन सक्छ ? विषयहरू गुणात्मक रूपमा प्रस्तुत गर्न मिल्दैन, सानो ठूलो विषय भन्ने हुँदै हुँदैन । कुनै विषयलाई कुन तहसम्म अध्ययन गरियो र कस्तो जनशक्ति तयार भयो भन्ने कुरा नै प्रमुख हुन्छ ।

एउटा विद्यार्थीले कक्षा ११ मा अध्ययनका लागि विषय छनोट र स्कुल छनोट गर्ने कुरा उसको जीवनमा एक पटक मात्र आउने र उसको जीवनपर्यन्त महत्व राख्ने विषय भएकाले हामी अभिभावक र आफन्तहरूले उसको यो महत्वपूर्ण घडीमा अत्यन्तै सजग र जिम्मेवार हुनुपर्छ । यस कार्यमा अभिभावकले आफ्ना नानीबाबुलाई समय र साथ दिएर विषय छनोट गराउनु उपयुक्त हुन्छ । यस कार्यमा बौद्धिक र व्यावसायिक परामर्शदातासँग सल्लाह र सुझाव लिँदै विद्यार्थीको रुचिको विषय, उसको स्वभाव र बानी व्यवहारलाई समेत उपयुक्त हुनेमा ध्यान दिनुपर्छ । यस क्रममा पहिलो कुरा विद्यार्थीले भविष्यमा अपनाउन चाहेको पेसाको छनोट, दोस्रो कुरा उक्त पेसालाई चाहिने विषय छनोट र तेस्रो कुरा छानिएको विषयलाई राम्रो वातावरणमा उपयुक्त सेवा पुऱ्याउन सक्ने संस्थाको छनोट गर्नु उपयुक्त हुन्छ । यसरी विषय र संस्थाको छनोट गरे विद्यार्थीको अध्ययन सही मार्गमा प्रवेश गरेसँगै उसको भविष्यको पेसागत गन्तव्य सहज बन्छ र अभिभावकको लगानीको सदुपयोग हुन गई उनीहरूको मनोकाङ्क्षा पनि पूर्ण हुन्छ ।

*(लेखक, काठमाडौं बर्नहार्ट स्कूल/कलेजका प्रिन्सिपल हुन् ।)*

# बाणगंगा नगरपालिकाले ल्यायो १ अर्ब ६२ करोड ४६ लाखको बजेट




**क्षितिज किरण/मध्यान्ह**
कपिलवस्तु, ११ असार

कपिलवस्तुको बाणगंगा नगरपालिकाले आर्थिक बर्ष २०८१/८२ को बजेट सार्वजनिक गरेको छ । मायादेवी रिसोर्ट बैरियामा आयोजना भएको १५ औं नगरसभामार्फत ८७५ बुँदे योजना समेटेर १ अर्ब ६२ करोड ४६ लाख ४६ हजार रुपैयाँ बराबरको बजेट सार्वजनिक भएको हो । नगर प्रमुख चक्रपाणी अर्यालले सभामा बजेटको सारांस पढेर सुनाएका थिए ।

संघबाट नगरमा आउने वित्तीय समानीकरणतर्फ १९ करोड ९ लाख, शसर्त अनुदान ५५ करोड ७३ लाख ३८ हजार, विशेष अनुदान ६५ लाख, राजश्व बाँडफाँड १६ करोड २७ लाख, प्रदेशतर्फबाट आउने १ करोड ३५ लाख ८६ हजार, सशर्त अनुदान १ करोड ४५ लाख, विशेष अनुदान २५ लाख, राजश्व बाँडफाँड १ करोड ६० लाख, समपुरक अनुदान १ करोड ५ लाख, आन्तरिक आयतर्फको २८ करोड ५० लाख, सडक बोर्डको ५० लाख र सामाजिक सुरक्षा तर्फको ३८ करोड ८६ लाख ६२ हजार गरी १ अरब १ अरब ६२ करोड ४६ लाख ४६ हजार रुपैयाँको बजेट सार्वजनिक भएको हो ।

त्यसमध्ये सामाजिक विकासको लागि सबैभन्दा धेरै ९१ करोड ११ लाख ५१ हजार विनियोजन भएको छ भने दोश्रोमा भौतिक पूर्वाधार रहेको छ । भौतिक पूर्वाधारमा ४१ करोड ६९ लाख ९९ हजार बजेट छुट्याइएको छ । त्यसैगरी सुशासन तथा संस्थागत विकासतर्फ २० करोड २५ लाख, आर्थिक विकासतर्फ ७ करोड २७ लाख र वन वातावरण तथा विपद् व्यवस्थापनतर्फ २ करोड २ लाख बढी विनियोजन भएको छ ।

नगरको आगामी प्राथमिकतामा सामाजिक, पूर्वाधार, सुशासन, आर्थिक र वन, वातावरण तथा विपद् बयवस्थापन रहेको बजेट पुस्तिकामा उल्लेख छ । सोहि बजेटको आधारमा कृषि, पशुसेवा, शिक्षा, युवा खेलकुद, स्वास्थ्य, महिला तथा बालबालिका रोजगार र उद्धम प्रर्वद्धन लगायतका कार्यक्रम समेटिएको नगरप्रमुख अर्यालले जानकारी गराए । नगरका विगतका बहुबर्षे योजना लगायतलाई पनि बजेटले प्राथमिकतामा राखेको छ ।

समग्र नगरको विकासको लागि ब्राण्ड बाणगंगा, विलिभ बाणगंगा भन्ने अभियान संचालन गर्ने कुरालाई पनि बजेटले समेटेको छ । तर नगरले आफ्नो ब्राण्ड के हो ? भनेर चिन्न नसकेको देखिन्छ । अर्थात् बाणगंगाले आफ्नो परिचय के हो भन्ने कुरालाई खुट्याएर बजेट विनियोजन गर्न सकेको छैन । होलसेलमा कार्यक्रम समेटिए पनि नगरको ब्राण्ड केलाई बनाउने हो भनेर बजेटले स्पष्टसँग भन्न सकेको छैन ।

कार्यक्रममा शुभकामना मन्तव्य राख्नेक्रममा प्रमुख अतिथि भूमि व्यवस्था तथा सहकारी मन्त्री बलराम अधिकारी, राष्ट्रिय सभा उपाध्यक्ष विमला घिमिरे, प्रदेश सांसद गिरीधारीलाल न्यौपाने, जिल्ला समन्वय प्रमुख बाबुराम आचार्य, काँग्रेसका नगर सभापति विष्णु थापा, माओवादीका नारायण भुसाल, नेकपा एसका दीपक पन्थी लगायतले बजेटले नगर ब्राण्डिङको प्रयास गर्नु राम्रो भएको बताउँदै नगरको आफ्नो ब्राण्ड के हो भनेर चिन्न अनुरोध गरेका थिए ।

कार्यक्रममा सहभागी अन्य सरोकारवालाले पनि नगरको ब्राण्ड चिन्नुपर्ने बताउँछन् । स्थानीय तहको दोश्रो चुनावपछिको ३ बर्ष र त्यसअघिको ५ बर्षसम्म पनि नगरले आफ्नो चिनारी बनाउन नसकेको, गौरव गर्ने योजना निर्माण गर्न नसकेको भन्दै नाराले मात्र नगरको ब्राण्डिङ नहुने उनीहरु बताउँछन् । स्वास्थ्य, कृषि, शिक्षा, पर्यटन के मा परिचय बनाउने हो त्यस कुराको सम्बोधन बजेटले स्पष्टसंग गर्न नसकेको भन्दै आलोचना भएको थियो ।

बजेट सार्वजनिकीकरण कार्यक्रममा बिभिन्न क्षेत्रमा योगदान दिएका ब्यक्ति तथा संस्थालाई पनि सम्मा गरिएको थियो । नगरमा धेरै कर तिर्ने, रोजगारी सिर्जना गर्ने, पत्रकारिता, शिक्षा, खेलकुद, स्वास्थ्य आदि क्षेत्रमा योगदान दिएका ब्यक्तिलाईसमेत सम्मानित गरिएको थियो । यस्तै नगरको लोगो बनाउने प्रकाश घिमिरेलाई पनि ३० हजार नगद रुपैयाँले सम्मान गरिएको थियो ।

## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, नौविसे शाखाको ३५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८१/०३/१२ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्व सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र वक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी वक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथैकर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

तपसिलः

| क्र.स. | ऋणीको नाम, थर र ठेगाना : |
|---|---|
| १. | गोरे कुँवरको नाति, राम बहादुर कुँवरको छोरा, धादिङ्ग जिल्ला, नौबिसे गा.वि.स. वडा नं. ३ बस्ने **राज कुमार कुँवर ।** |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १. | कृष्ण बहादुर कमरको छोरी, राज कुमार कुँवरको श्रीमती, धादिङ जिल्ला, नौबिसे उ.म.न.पा./गा.वि.स. वडा नं. ३ बस्ने **निर्मला कुँवर ।** |
| २. | राम बहादुर कुँवरको नातीनी, राज कुमार कुँवरको छोरी, धादिङ जिल्ला, धुनिबेशी न.पा. वडा नं. ९ बस्ने **सुप्रिया कुँवर ।** |
| ३. | राम बहादुर कुँवरको नातीनी, राज कुमार कुँवरको छोरी, धादिङ जिल्ला, धुनिबेशी न.पा. वडा नं. ९ बस्ने **सुरूची कुँवर ।** |
| **संस्थागत जमानतकर्ताको नाम र ठेगाना :** | |
| १. | नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, फर्म रजिष्ट्रेशन शाखा कार्यालयमा प्रा.फ.र.नं. १२०७१६/०७१/७२, स्थानीय व्यापार कायम भई मिति २०७१/१०/२० मा दर्ता भएको काठमाण्डौं जिल्ला, नागार्जुन न.पा. वडा नं. १३, स्युचाटार स्थीत **न्यू सुप्रिया स्टोर्स ।** |
| **धितो सुरक्षणको विवरण :** | |
| १. | **राज कुमार कुँवर**को नाममा मालपोत कार्यालय धादिङमा दर्ता श्रेस्ता कायम रहेको धादिङ जिल्ला, नौबिसे गा.वि.स./न.पा. वडा नं. ३ स्थित नक्सा सिट नं. ३क को कित्ता नं. १९२ र ३८६ को क्रमशः १-९-०-१ र १-४-३-१ क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**सानिमा बैंक** www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७८/११/२५ मा दर्ता भएको **बिन्यु ग्रुप प्रा.लि. (प्रा.लि. नं. २८५९८४)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**Province Government**
**Lumbini Province**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Road Infrastructure Development Office**
**Bardiya, Nepal**

## Issuance of Letter of Intent to Award the Contract

**Date of Publication: 2081/03/12**

As per Public Procurement Act 2063, Section 27,this is to notify to all bidders that, it is our intention to award the contract to following listed bidders, the notice of which was published on 2081-01-07 (April 19, 2024) for execution of the Construction of Roads & Bridges as corrected in accordance with the Instructions to Bidders is hereby selected as substantially responsive lowest evaluated bid.

| S. N. | Lowest Evaluated Bidder | Name of Road & Work | Contract Identification No. | Evaluated Bid Amount Including VAT & P.S. (NRs.) |
|---|---|---|---|---|
| 1 | Jay Bageswari Nirman Sewa, Gulariya Bardiya | Construction of Thakurbaba 3 nyaulapur shiv mandir godana thakurdwara jodne sadak | RIDO/BARDIYA/W/NCB/ROAD/71/080-81(RE) | 67,205,668.67 |
| 2 | Bardiya Black Buck Construction Pvt.Ltd. Gulariya Bardiya | Shantipur Chowk dekhi Bhimapur Rampur Shankarpur Bharatiya Sima Sadak staronnati | RIDO/BARDIYA/W/NCB/ROAD/75/080-81 | 145,158,258.33 |
| 3 | Bardiya Black Buck Construction Pvt.Ltd. Gulariya Bardiya | Rajapur Ring Road (Remaining Portion) Staronnati | RIDO/BARDIYA/W/NCB/ROAD/76/080-81 | 146,238,616.01 |
| 4 | Royal - Sakchyan JV, Nepalgunj, Banke | (Rajha-Rajapur) Banke-Bardiya madhymarg lokmarg Daulatpur ghat dekhi Parseni Bazar Road staronnati. | RIDO/BARDIYA/W/NCB/ROAD/77/080-81 | 83,704,351.41 |
| 5 | Sakchyam Nirman Sewa, Pvt.Ltd, Nepalgunj Banke. | Hulaki sadak Shanti chowk dekhi (Badrabhariya) Gamakka ra ward no. 5 ra 6 sima hudai Gurans Namuna Ma. Bi. Jodne Ring Road sadak staronnati Madhuban 4, 5 ra 6. (Maachad chowk to Madhuban Section) | RIDO/BARDIYA/W/NCB/ROAD/79/080-81 | 20,832,906.96 |
| 6 | N.S. Infrastructure PVT. .Ltd. Lyatibindrasini, Dailekh, Nepal | Construction Of Baida Bhada Moterable Bridge, Bar-bardiya-10, Bardia District along Baida Simrahawa Bepatta smriti park Road. | RIDO/BARDIYA/W/NCB/BRI/BHADA/80/080-81 | 74,015,592.92 |

**Office Chief**


## कतारमा रोजगारको अवसर

कम्पनी: MR & MRS POPCORN
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०८०/७/२३ चलानी नं.: ६०२०९९८३ LT. No.: 294788 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesman | 0 | 1 | स. काममा दक्ष | 1300 | ४७,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १५ गते (29 June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

D.A. HUMAN RESOURCE PVT. LTD.
Kathmandu-31, Santinagar, Nepal, Tel : 01-5911493, 01-5911494
ईजाजत नं. १५५४/०७९/०८०
Email: info@dahumanresource.com, Website: dahumanresource.com

यस मेनपावर कार्यालयको माथि उल्लेखित विज्ञापन मिति २०८१/03/0८ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित हुनुपर्नेमा प्राविधिक कारणले प्रकाशित गर्न छुटेकोले यसै सूचनालाई आधार मानी प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KHALIFA AL KHOMASEYA TRADING COMPANY शहर: Kuwait
पुर्व स्वीकृत मिति: २०८१/०३/११ चलानी नं.: ६०२२१५५७ LT. No.: 306792

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician Helper | 8 | 0 | स. काममा दक्ष | 140 | ६०,८१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GOLDEN HALA GENERAL TRADING & CONTRACTING COMPANY शहर: Kuwait
पुर्व स्वीकृत मिति: २०८१/०३/११ चलानी नं.: ६०२२१५५८ LT. No.: 306793

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician Helper | 5 | 0 | स. काममा दक्ष | 140 | ६०,८१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FUNCHAL GENERAL CONTRACTING FOR BUILDING COMPANY शहर: Kuwait
पुर्व स्वीकृत मिति: २०८१/०३/११ चलानी नं.: ६०२२१५६२ LT. No.: 306791

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician Helper | 9 | 0 | स. काममा दक्ष | 140 | ६०,८१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १९ गते (3 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

सेफल्याण्ड ओभरसिज प्रा. लि.
श्रम इ. पत्र नं. ७६७/०६४/०६५
Office Address : Gongabu, Townplanning-26 Kathmandu, Nepal.
Tel No.: 4380116, 4380115, 4353651 | Mobile No.: 9813199445



## कुवेतमा रोजगारको अवसर

कम्पनी: COZY DEN CENTRAL MARKET FOR FOODSTUFFS COMPANY
शहर: Kuwait

पुर्व स्वीकृत मिति: २०८१/०३/११ चलानी नं.: ६०२२१५३७ LT. No.: 306786

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Tools Cleaner | 2 | 0 | सम्बन्धित काममा दक्ष | 110 | ४७७८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Asst. Cook | 2 | 0 | | 125 | ५४३०२ | | | | | | | |
| 3. | Waiter | 2 | 0 | | 130 | ५६४७४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असार १९ गते (3 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

GULF EMPIRE COMPANY PVT. LTD.
श्रम इजाजत नं. १५९९/०७९/८०
KMC-31, Minbhawan, Baneshwor, Kathmandu,Nepal. Tel: 01-4115960/4115961
Mobile: 9813287287, 9801315959, 9851095704,9801106264
Email: nepal@gulf-empire.com Web.: www.gulf-empire.com
Creating a Better World !



## कतारमा रोजगार

कम्पनी: GOLDEN ARROW CLEANING AND CONTRACTING
शहर : Doha

पूर्व स्वीकृत मिति: २०८१/०३/१० चलानी नं.:६०२२१५३२ LT. No.:306752

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manager Variety | 1 | 0 | सम्बन्धित काममा दक्ष | 5700 | २०८३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gen Clean Worker | 0 | 6 | | 1000 | ३६५५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असार १९ गते (3 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

S.S.K. Manpower Services Pvt. Ltd.
साबिक: GOOD LUCK MANPOWER Services Pvt. Ltd.
Gov. Lic No. 1561/079/080
Sinamangal 9, Kalimatidol, Kathmandu, Nepal
Ph. No.: +977 1 5915260 I E-mail: goodluckmanpower022@gmail.com



## SAUDI मा रोजगार

कम्पनी : AOLLA COMPANY LTD
शहर: SAUDI ARABIA

पूर्व स्वीकृत मिति: २०८१/०३/११ चलानी नं.: ६०२२१५६१ LT. No.: 306814

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food And Beverage Counter Worker | 4 | 0 | स. काममा दक्ष | 1200 | ४२,६२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय चाकुपाट, ललितपुरमा २०८१ असार १९ गते (3 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

न्यू वर्ल्ड ओभरसिज सर्भिस प्रा.लि.
श्रम इजाजत पत्र नं. ११३/०५५/०५६
चाकुपाट, ललितपुर, नेपाल, फोन : 01-5268224, 9847275969

# बुढीनन्दा नगरपालिका : ५० करोड २८ लाखको बजेट प्रस्तुत

**महेश कार्की/मध्यान्ह**
बाजुरा, ११ असार

बुढीनन्दा नगरपालिकाले आगामी वर्षको बजेट र नीति कार्यक्रम सार्वजनिक गरेको छ। उत्पादन र आयआर्जनलाई केन्द्रभागमा राखेर नीति कार्यक्रम र बजेट ल्याइएको प्रमुख प्रशासकीय अधिकृत सन्तोष कुमार शाहले बताएका छन्। पालिकाले युवा उद्यमलाई विशेष जोड दिएको छ।

आगामी आर्थिक वर्षका लागि पालिकाले ५० करोड २८ लाख ४९ हजार ९ सय ८७ रुपैयाको बजेट प्रस्तुत गरेको छ। त्यो मध्ये सामाजिक विकास तर्फ २४ करोड ८४ लाख ४५ हजार, आर्थिक विकास तर्फ ४ करोड ३५ लाख २ हजार, पूर्वाधार विकासमा ४ करोड ७४ लाख ८५ हजार, सुशासन विकास तर्फ ६९ लाख ९५ हजार, प्रशासनीक खर्च तर्फ १४ करोड, १४ लाख २१ हजार ९ सय ८७ रुपैया विनियोजन गरेको छ।




विद्यालय उमेरदेखि नै पढ्दै कमाउँदै कार्यक्रमलाई जोड दिएको नगर प्रमुख जनक कुमार बोहराले बताएका छन्। माध्यमिक तहबाट अनिवार्य पढ्ने, सिक्ने र कमाउने बानीको विकास गर्ने गरि कार्यक्रम अघि सारेको छ। भने प्रत्येक वडामा युवा उद्यम विकास कार्यक्रममा जोड दिएको छ।

युवाहरुलाई उद्यम विकासमा आकर्षण गर्न बिशेष सहुलियत र अनुदानसहितको कार्यक्रम शुरुमा एक जना युवालाई एक वडामा अनिवार्य सहभागि गराउने नीति लिएको छ। एक भन्दा बढी मागअनुसार उद्यम विकासमा लगानी गर्ने र एकजनालाई अनिवार्य गरिने नीति लिएको नगर प्रमुख बोहराले सार्वजनिक गरेको नीति कार्यक्रममा उल्लेख छ।

पालिकाले पूर्वाधार विकास, कृषि र पर्यटनलाई प्राथमिकतामा राखेको छ। एक दिन नगरको समृद्धिका लागि काम गर्ने अभियानदेखि रोजगारीको विषयलाई पनि प्राथमिकतामा राखेको छ। बुढीनन्दा नगर पालिकाकाको दोस्रो नगरसभा तथा दशौंले कक्षा ११-१२ लाई निशुल्क शिक्षा कार्यक्रमलाई निरन्तरता दिइने निर्णय गरेको छ।

सरकारी कर्मचारी र जनप्रतिनिधिका छोरा छोरी लाई अनिवार्य सरकारी बिद्यालयमा पठनपाठन गराउने, प्रत्येक विद्यालयमा योग शिविर सञ्चालन गरिने छ। विद्यालयमा हप्तामा एक दिन किताबरहित शुक्रबार जिवनोपयोगी शिक्षिक कार्यक्रम सञ्चालन गरिने छ। लोकसेवा आयोग, प्रविधिक शिक्षा, शिक्षक सेवा आयोगप्रति आकर्षित गराउन तयारी कक्षा संचालन गर्ने, विद्यालय मनोविमर्श सेवामा नगर सरकार भन्ने नारालाई आत्मसात गर्दै विद्यार्थी र शिक्षक लाई मनोविमर्श सेवा प्रदान गरिने नीति लिएको छ।

पोषणमैत्री शासन युक्त नगर तथा क्षयरोग मुक्त नगर घोषणा अभियानको शुरुवात गर्ने, एक वडा एक सुत्केरी स्याहार केन्द्र स्थापना गर्ने, कोल्टी आधारभुत अस्पतालमा मेन्टल हेल्थ सर्विस संचालनमा ल्याईने, घरघरमा चिकित्सक नागरिक स्वास्थ्यमा सजक भन्ने नारालाई आत्मसात गर्दै अभियान सञ्चालन गर्ने नीति लिएको छ।

चाफारुख लमालबाड र कालगोठी टाका सम्म पुल निर्माणका लागि आवश्यक पहल गर्ने, यातायात पुर्वाधार आर्थिक विकासको आधार भन्ने नारालाई आत्मसात गर्दै सम्पुर्ण स्थानीय सडकको स्तर उन्नति गरिने, पालिका भित्रका सबै हाइड्रोपावरको स्तरोन्नति र पुनर्निर्माण व्यवस्थितरुपमा सञ्चालनमा ल्याइने नीति पनि अघि सारेको छ।

# त्रियुगा नगरपालिकाले ल्यायो २ अर्ब १५ करोडको बजेट

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, ११ असार

त्रियुगा नगरपालिकाले आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट र नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। नगरपालिकाको १३औं नगर सभामा आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि २ अर्ब १५ करोड ७१ लाख ५७ हजार रुपैयाँ बराबरको अनुमानित बजेट पेस गरिएको छ।

नगर सभामा नगरपालिकाका प्रमुख वसन्त कुमार बस्नेतले आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान, उत्पादन तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय स्रोत र सीपको अधिकतम प्रयोग, नवप्रवर्द्धनकारी योजना, मानव अधिकार संरक्षण र शान्ति सुरक्षाका विषयलाई नीति तथा कार्यक्रममा समेटिएको जानकारी दिए।

नीति तथा कार्यक्रममा 'त्रियुगा नगरपालिकाको इच्छा, सबैलाई गुणस्तरीय शिक्षा' भन्ने अभियानलाई अगाडि बढाइ विपन्न, जेहेन्दार, गरिब, दलित तथा लोपोन्मुख जातिको शिक्षामा पहुँच विकास गर्नका लागि छात्रवृत्तिको दायरा थप गर्दै जाने उल्लेख गरिएको छ।

यस्तै कृषि क्षेत्रलाई उत्पादनमुखी बनाउन विभिन्न सहकारी खेती, करार खेती, सामुदायिक खेती र चक्लाबन्दी खेती कार्यक्रम सञ्चालन गर्ने र वैदेशिक रोजगारीबाट फर्किएर व्यावसायिक कृषि पेशा गर्न चाहनेलाई बिना धितो २ लाख रुपैयाँसम्म सहुलियतपूर्ण कृषि ऋण उपलब्ध गराउने नगर प्रमुख बस्नेतले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा उल्लेख छ। यस्तै कृषि अध्ययन गर्न चाहने गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति कोषको स्थापना गरी सञ्चालान गरिने उनले बताए।

नीति तथा कार्यक्रममा नगरका सबै वडाहरुमा स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्रहरुलाई सुविधा सम्पन्न बनाइ बर्थिङ सेन्टर निर्माण गरी सबै स्वास्थ्य संस्थाहरुमा एम्बुलेन्स सेवाहरु विस्तार गरिने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ।

शिक्षक दरबन्दी मिलान र विद्यालय घटुवाका विषयमा असहमति हुँदा नगर सभा ढिला गरी शुरु भएको थियो। वडाध्यक्ष तथा कार्ययपालिका सदस्यहरुले शिक्षक दरबन्दी मिलान तथा विद्यालय घटुवाका विषयमा असहमति जनाएपछि सभा अवरुद्ध बनेको थियो। सो विषयमा लिखितरुपमा उपमेयर, वडाध्यक्ष र कार्यपालिका सदस्यहरुले निर्णय गरेर मेयर र प्रमुख प्रशासकीय अधिकृतलाई पत्र बुझाएपछि सभा अगाडि बढेको थियो।



## कुमारी बैंक लिमिटेड शाखा कार्यालय फिदिम, पाँचथरको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८१/०३/१२ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय फिदिम, पाँचथरबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।
यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं।
**उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ।**

तपसिल

| ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| प्रदेश सरकार, १ नं. प्रदेश उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय पाँचथरमा नीजि तथा साझेदारी फर्म रजिष्ट्रेशन ऐन २०७७ बमोजिम मिति २०७७/१०/२५ मा दर्ता न. २१८०/२०७७/०७८ कायम भई पाँचथर जिल्ला फिदिम गा.वि.स. वडा न. १०, स्थित रजिष्टर्ड कार्यालय रहेको **लुमचोक कृषि तथा पशुपन्छी फर्म (स्थायी लेखा नं. ६१६२५६८०२)** **प्रोप्राईटर - संच माया लिम्बु** | १. **संचमाया लिम्बु**को नाममा मालपोत कार्यालय फिदिम, पाँचथरमा दर्ता कायम रहेको पाँचथर जिल्ला, याङनाम गा.वि.स. वडा नं. १/ख स्थित कित्ता नं. ४ र ६ को क्षेत्रफल क्रमश ४-५-३-१ र ५-५-२-३ (रोपनी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत। २. ऋणी **लुमचोक कृषि तथा पशुपन्छी फर्म**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक। |

| व्यक्तिगत जमानीकर्ताहरूको विवरण | |
|---|---|
| १. **हर्क सिं थाम्सुहाङ** ना.प्र.नं- ०२-१७७-२९७ जारी मिति - २०५९/०२/०६ जि.प्र.का. पाँचथर बाबु - टेक बहादुर थाम्सुहाङ बाजे - अगम बहादुर थाम्सुहाङ स्थायी ठेगाना- पाँचथर जिल्ला, याङनाम गा.वि.स. वडा नं.०४ हालको ठेगाना- पाँचथर जिल्ला फिदिम नगरपालिका वडा नं. १० | २. **संचमाया लिम्बु** ना.प्र.नं- ०३-०१४-३/३३८ जारी मिति - २०६३/११/१४ जि.प्र.का. ईलाम बाबु - उदय बहादुर लिम्बु बाजे - हंसराज लिम्बु स्थायी ठेगाना- ईलाम जिल्ला, जीतपुर गा.वि.स. वडा नं.०९ हालको ठेगाना- पाँचथर जिल्ला फिदिम नगरपालिका वडा नं. १० |

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय फिदिम, पाँचथर फोन नं.०२४-५२३११७**

## श्री चतुर्बाहु सामुदायिक वन उपभोक्ता समूह
**पञ्चेश्वर गा.पा. १ वैतडी**

**काठ लिलाम सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८१।०३/११**

यस चतुर्बाहु सा.व.उ.स. पञ्चेश्वर गा.पा. १ बैतडीको वन क्षेत्रबाट महाकालि कोरिडोर सरक निर्माणमा परेका खोटे सल्ला जातका रुखहरु यस सामुदायिक वन समुहबाट कटान मुछान, बेलान गरी घाटगद्धिमा समेत भई सकेको र डिभिजन वन कार्यालय, बैतडीको मिति २०८०/०३/११ गतेको पत्रमार्फत लिलाम सहमति समेत प्राप्त भएका तपशिल विवरणका गोलिया काठहरु जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी सिलबन्दि दरभाउद्धारा लिलाम विक्रि गरिने भएको हुँदा लिलाम लिन ईच्छुक मूल्य अभिबृद्धि करमा दर्ता भएका काठ व्यवसायी वा फर्मले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनभित्र यस समितिको कार्यालय, बैतडीबाट दरभाउपत्र खरिद गरि २२ औं दिनको दिउँसो १२ बजेभित्र यसै समितिको कार्यालयमा सिलबन्दि बोलपत्र दर्ता गर्न सकिने सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धमा थप जानकारिको लागी चतुर्बाहु सामुदायिक वन उपभोक्ता समूह पञ्चेश्वर गा.पा. १ बैतडीमा सम्पर्क गर्न हुन जानकारी गराईन्छ।

| सि.न. | लट नं. | जात | गोलिया थान | | दाउरा चट्टा | | कै. |
|---|---|---|---|---|---|---|---|
| | | | A ग्रेडको गोलिया थान | B ग्रेड ग्रेड को गोलिया थान | A ग्रेडको जम्मा क्यूफिट काठ | B ग्रेडको जम्मा क्यूफिट काठ | |
| १ | १/२ | खोटे सल्ला | ७६ | ६२५ | ९९०.६३ | ३३७८.०६ | पञ्चेश्वर गा.पा. १ कुडिनोला र लहरीकोट, बैतडी |

**सचिव**
**श्री चतुर्बाहु सा.व.उ.स.पञ्चेश्वर गा.पा. १ बैतडी**

## कोहलपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**कोहलपुर, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**
**खरिद तथा जिन्सी उपशाखा**

### क्याटलग सपिङ बिधिबाट सवारी साधन (शव वाहन)खरिद गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकासित मिति:२०८१।०३।१२)**

प्रस्तुत सम्बन्धमा यस कोहलपुर नगरपालिका अन्तरगतको नगर अस्पतालका लागि संलग्न स्पेसिफिकेशन बमोजिमको १ (एक) थान शव बाहन खरिद गर्नु पर्ने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १ (क) (८) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) बमोजिम उत्पादक कम्पनी वा सोको आधिकारिक विक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नु पर्ने भएकोले इच्छुक उत्पादक कम्पनी वा त्यसको अधिकृत/आधिकारिक बिक्रेताले तपसिलका कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ७ (सात) औ दिनसम्म कार्यालय समयभित्र सिलबन्दी गरी कार्यालयको खरिद शाखामा निबेदन/प्रस्तावना/दररेट पेश गर्नहुन उत्पादक कम्पनी वा आधिकारिक विक्रेताहरुका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

१. आधिकारिक बिक्रेताले कम्पनी/फर्म दर्ताको प्रमाण पत्र प्रतिलिपी
२. उत्पादन अनुमती वा उत्पादकले आधिकारिक बिक्रेता तोकेको पत्रको प्रतिलिपी
३. मुल्य अभिबृद्धी कर दर्ता प्रमाण प्रतिलिपी
४. आ.ब ०७९/०८० सम्मको कर चुक्ता प्रमाण प्रतिलिपी
५. बिक्रेताको स्पेशिफिकेसन, गुणस्तर, मुल्य र सुविधा सहितको बिबरण(क्याटलग वा ब्रोसर)

**प्रमुख प्रशासकीय अधिकृत**

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय : चावहिल, काठमाण्डौ
फोन नं. : ०१-५२१०१३९/४०

शाखा कार्यालय : नारायणगढ, चितवन
फोन नं. : ०५६-५९६९०१/०२

को

## शाखा कार्यालय चावहिल, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी पुनः ७ (सात) दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८१/०३/१२ गते)**

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय चावहिल, काठमाण्डौबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरू पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धि १५ (पन्ध्र) र ७ (सात) दिने अत्यन्त जरुरी सूचनाहरु विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना पुनः प्रकाशित गरिएको छ। साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरूको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

**तपसिल**

**ऋणीको विवरण**

नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभागमा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम मिति २०७३/११/१९ मा प्रा.फ.र.नं. १३३५७१/०७३/७४ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. १२ स्थित **रिशव निर्माण सप्लायर्स** **प्रोप्राइटरः शर्मिला बस्नेत (थापा)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. योगेन्द्रजंग थापाको बुहारी, रविन कुमार थापाको पत्नी, सिन्धुली जिल्ला, रतनचुरा गा.वि.स./न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **शर्मिला वस्नेत (थापा) (ना.प्र.प.नं. २०-०१-७३-०१७६१, सिन्धुली)**
२. भुपाल मान थापाको नाति, योगेन्द्रजंग थापाको छोरा, सिन्धुली जिल्ला, रतनचुरा गा.वि.स./न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **रविन कुमार थापा (ना.प्र.प.नं. २०६८६, सिन्धुली)**

**धितोमा रहेको सम्पतिको विवरण**

१. **शर्मिला बस्नेत (थापा)** को नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (वर्दघाट सुस्ता पूर्व) को लगतमा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी (वर्दघाट सुस्ता पूर्व) जिल्ला, गैडाकोट गा.वि.स./न.पा. वडा नं. ७घ, स्थित कित्ता नं. ३४० र ३४५ को क्रमशः क्षेत्रफल ५-३-३-० र ०-१०-२-३ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पुर्ण लिग लगापात समेत।
२. **शर्मिला बस्नेत (थापा)** को नाममा मालपोत कार्यालय चावहिल, काठमाण्डौंको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला, गोठाटार गा.वि.स./न.पा. वडा नं. ३, स्थित कित्ता नं. ५९४, ५७६ र ५९१ को क्रमशः क्षेत्रफल ४७.७५, ७४.०० र ५.४४ (व.मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिग लगापात समेत।
३. **प्राइम कमर्सियल बैंक लि. को नाममा यातायात व्यवस्था कार्यालय, साना/ठुला सवारी, प्रदेश नं. ३, ललितपुरमा दर्ता रहेको तपसिल बमोजिमको सवारीसाधनः**

| सवारीको मोडल | च्यासिस नं. | इन्जिन नं. | दर्ता नं. |
|---|---|---|---|
| Tata Motors SK 1613TC136-2021 | 12C63861827 | MAT38116M2R04233 | बा-प्र-०१००३ क ८९७१ |

**धितो लिलामी बिक्रीका शर्तहरु :**

१. बोलपत्र आवेदन फारम मिति २०८१/०३/१२ गते बुधबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु चावहिल, काठमाण्डौ र नारायणगढ, चितवनबाट प्राप्त गर्न सकिनेछ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ।
५. शिलबन्दी बोलपत्र मिति २०८१/०३/१८ गते मंगलबार कार्यालय समय भित्र धितोमा रहेको सम्पतिको विवरण नं. १ को हकमा यस बैंकको शाखा कार्यालय नारायणगढ, चितवनमा र अन्य सम्पूर्ण धितोको हकमा केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा दर्ता भईसक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरू उपर कारवाही गरिने छैन।
६. शिलबन्दी बोलपत्र मिति २०८१/०३/१९ गते बुधबार दिउँसो ४:०० बजे धितोमा रहेको सम्पतिको विवरण नं. १ को हकमा यस बैंकको शाखा कार्यालय नारायणगढ, चितवनमा र अन्य सम्पूर्ण धितोको हकमा केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरू तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन। साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ। सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित कार्यालयहरुबाट भुक्तानी गरिनेछ। साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन।
९. धितो सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ। बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन्।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु चावहिल, काठमाण्डौ र नारायणगढ, चितवनमा सम्पर्क राखी बुझ्न सकिनेछ।

# इजरायलद्वारा गाजामा बम प्रहार



**काठमाडौं/एजेन्सी-** संयुक्त राज्य अमेरिकाले आफ्ना सहयोगीहरुलाई लेबनान सीमामा हिंसा बढ्न नदिन आग्रह गरेसँगै प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले युद्धको तीव्र चरण समाप्त भइरहेको बताएका थिए, तर इजरायलले मंगलबार गाजामा पुनः बम प्रहार गरेको छ । हमासद्वारा सञ्चालित क्षेत्रको नागरिक सुरक्षा एजेन्सीका अनुसार इजरायली सेनाले गरेको घातक आक्रमणमा परी दुई विध्यालयका १३ जनाको मृत्यु हुनुका साथै गाजा शहरको एक घर नष्ट भएको छ ।

इजरायलले गाजाबाट लेबनानको सिमानामा केही सैनिकहरू पुनः तैनाथ गर्ने योजना बनाएको बेला अमेरिकी विदेश मन्त्री एन्टोनी ब्लिन्केनले सोमबार देशको रक्षामन्त्रीलाई हिंसा बढ्न नदिन दबाब दिएका हुन् ।

ब्लिन्केनले 'द्वन्द्वको थप वृद्धिबाट बच्न र इजरायली र लेबनानी दुवै परिवारलाई आफ्नो घर फर्कन अनुमति दिन कूटनीतिक समाधानमा पुग्ने महत्वलाई जोड दिनुभयो,' प्रवक्ता म्याथ्यू मिलरले वासिङ्टनमा रक्षामन्त्री योव ग्यालान्टसँगको बैठकपछि बताए ।

